मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## दुर्गा प्रसाईं पोखराबाट पक्राउ

समाचार पृष्ठ ७ मा



वर्ष ४ | अंक ६६ | २०८२ साल माघ ०६ गते मंगलबार | Tuesday 20, January 2026 | सूर्योदय: बिहान ०६:५५ बजे | सूर्यास्त: साँझ ५:३७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# जनकपुरधाममा बालेन क्रेज:

## 'बालेन–बालेन' नाराले गुञ्जियो जनकपुरधाम
## मैथिली भाषणले जिते मन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले गरेको परिवर्तन उद्घोष सभामा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) क्रेज देखियो । सोमबार रास्वपाले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई ध्यानमा राखेर मनोनयन दर्ताको पूर्वसन्ध्यामा गरेको सभामा 'बालेन–बालेन–बालेन'को नाराले जनकपुरधामको ऐतिहासिक तिरहुतिया गाछी बालेनमय भएको थियो । रास्वपाको यही सभाका माध्यमले बालेनले पहिलो राजनीतिक भाषणसमेत दिए ।

रास्वपाको वरिष्ठ नेता बालेन मधेशमा जनप्रिय र उत्साहका केन्द्र बनेका छन् । कार्यक्रममा सहभागी शुभचिन्तकले 'बालेन साह जिन्दाबाद्'लगायतका नारा लगाउँदै नेता साहलाई प्रोत्साहन दिए । रवि लामिछाने र बालेन दुवैले मधेशको पहिचान झल्किने कुर्ता पाइजामा र गम्छा लगाएका थिए । कार्यक्रममा रवि भन्दा बालेनकै क्रेज बढी देखिएको थियो । हरेक वक्ताको भाषण सकिनासाथ उपस्थित युवाले 'बालेन–बालेन' भन्दै नारा लगाएका थिए । छोटो सम्बोधनक्रममा पनि पार्टी नेताहरूलाई सहयोग गर्दै उत्साहित उपस्थितिले कार्यक्रमलाई अझै रंगीन बनाएको थियो । उत्साहका कारण स्टेजमा भिडभाड भएकाले आयोजकले सुरक्षा व्यवस्था कडा बनाएको थियो । पर्याप्त सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

सभामा नेताहरुलाई बस्न मञ्चकै अगाडि सोफा लगाइएको थियो । तर तिरहुतिया गाछीमा बालेनको इन्ट्रीसँगै भीड मञ्चतर्फ सोझिएको थियो । भिडलाई मञ्चबाट पछाडि धकेल्न नसकिएपछि अन्ततः नेताहरु मञ्चमै आसन ग्रहण गरेका थिए ।

सभामा सहभागी भीड़लाई बालेनको फ्लाइङ किसले तानेको थियो । यसका साथै उनले ठेट मैथिलीमा दिएको भाषणले झन आकर्षित गर्नुका साथै भीडमा उत्साह थपिएको थियो ।

## काठमाडौँ अधिकार माग्न होइन
## घुम्न जाने होः बालेन

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साहले काठमाडौँ महानगरपालिकामा रहेको समाजवाद देशभर ल्याउन आफूहरु अभियानमा लागेको बताए । रास्वपाले जनकपुरधाममा गरेको परिवर्तन उदघोष सभालाई सम्बोधन गर्दै बालेनले नेताहरु समाजवादको नारा लगाउँदै हिँडे तर वास्तवमा काठमाडौँ महानगरपालिकामा मेरो नेतृत्वमा समाजवाद आएको छ, त्यस्तै समाजवाद देशभर ल्याउने अभियान रहेको बताए । उनले भने, 'यहाँ हरेक दलका नेताहरु समाजवाद र लोकतन्त्रको भाषण गर्छन् तर समाजवाद कहाँ छ ?,' उनले भने, 'काठमाडौँ महानगरले वर्षेनी २० हजार बढी युवालाई महँगो कलेजमा पढ्न निःशुल्क छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ, विपन्नलाई अस्पतालमा उपचार गराउन जाँदा सहयोग गर्दै आईरहेको छ, यो हो समाजवाद ।'

बालेनले काठमाडौँ महानगरले युवालाई निःशुल्क छात्रवृत्ति तथा निःशुल्क भिसा तथा टिकट दिँदै आइरहेको र विदेश जान होइन पढ्नलाई यस्तै समाजवाद देशभर ल्याउन सहयोग गर्न अपिल गरे ।



अर्को प्रसंगमा बालेनले रास्वपालाई संघीयताविरोधी शक्तिको रुपमा गलत भाष्य जुन निर्माण गरिएको छ, त्यो गलत हो रास्वपाले संघीयतालाई अझै बलियो बनाउने अभियानमा लागेको दाबी गरे । उनले भने, 'प्रदेशको काम ५० हजारको नाला जोड्ने होइन, प्रदेशमा सचिव फेर्न काठमाडौँ किन धाउनु पर्यो, काठमाडौँ अधिकार माग्न होइन घुम्न जाने हो । यसका लागि संघीयता तथा प्रदेश संरचना थप बलियो बनाउने योजना रहेको उनले बताए ।

बालेनले मधेशको छोरो प्रधानमन्त्री बन्न लागेको छ, त्यसकालागि नभई सही मान्छे, सही सरकार आउनेवाला छ, त्यसकालागि रास्वपालाई आउने निर्वाचनमा मतदान गर्न आग्रह गरे । आजको सभामा मधेशको हरेक जातिको उपस्थिति रहेको बताउँदै मधेश र देशको विकास तथा देशको विकास यस्तो हुनु पर्छ, जसले देशका हरेक जाति तथा हरेक समुदाय खुशी होस्, त्यस्तो विकास आवश्यक रहेको बताए । भाषणको शुरुवातमै 'नमस्कार ! केना कि है त ?' भन्दै प्रश्न उठाएका बालेनले विश्वकै सबैभन्दा प्रसिद्ध विवाह जनकपुरधाममै हुँदै गर्दा डेस्टिनेशन वेडिङका लागि बाहिर किन जाने ? भनेर आक्रोश व्यक्त गरे । उनले जानकी माताको महिमा र जनकपुरधामको सम्भावनालाई जोड दिँदै जानकी माताको एक्लै क्षमताले करोडौँ पर्यटक भित्र्याउन सक्ने दाबी गरे ।

बालेनले मधेशमा पहिलोपटक सबै जात–समुदायका मानिस एकै ठाउँमा जुटेको उल्लेख गर्दै देशको विकास भनेको सबै जात र समुदायको समान विकास हुनुपर्ने बताए । उनले प्रदेशलाई अझ मजबुत बनाउनुपर्नेमा जोड दिए ।

## मधेश उत्पादन र अवसरको केन्द्र बन्न सक्छः डा. स्वर्णिम वाग्ले



रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्लेले देशमा जरा गाडेर बसेको विकृत आर्थिक मोडेललाई सुधार्ने समय आएको बताए । सोमबार जनकपुरधाममा रास्वपाले गरेको 'परिवर्तनको उद्घोष सभा'लाई सम्बोधन गर्दै उनले आर्थिक संरचनामा आमूल सुधार नगरी समावेशी विकास सम्भव नहुने स्पष्ट पारे ।

उपसभापति वाग्लेले मधेशको अपार सम्भावना हुँदाहुँदै पनि उत्पादकत्व बढाउन नसकिएकामा चिन्ता व्यक्त गर्दै कृषि, उद्योग र रोजगारी सिर्जनामा केन्द्रित नीतिगत सुधार आवश्यक रहेको बताए । 'मधेश उत्पादन र अवसरको केन्द्र बन्न सक्छ । तर, त्यसका लागि योजनाबद्ध लगानी र सुशासन अपरिहार्य छ,' उनले भने । रास्वपा संघीयताविरोधी नरहेको सन्देश मधेशबाटै शुरु गरिएको उदघोष सभाले स्पष्ट पारेको उल्लेख गर्दै वाग्लेले संघीयताको नाममा भएका बदमासीलाई पखाल्दै वास्तविक संघीय अभ्यास स्थापित गर्ने प्रतिवद्धता दोहो¥याए । उनले सामाजिक न्यायसहितको उदार अर्थतन्त्र नै देशको दिगो विकासको आधार हुने बताए ।

सभामा बोल्दै उनले काण्डै–काण्डले थिचिएको प्रणालीलाई सुधार्नु नै पार्टीको मूल उद्देश्य रहेको उल्लेख गरे । संघीयताप्रतिको प्रतिवद्धता अटुट रहेको बताउँदै उनले विकृतिलाई सच्याएर पारदर्शी र जवाफदेही शासन प्रणाली निर्माण गर्ने दाबी गरे । कार्यक्रममा रास्वपाका नेताहरूले आगामी दिनमा पार्टी नेतृत्वले सुधारवादी एजेन्डासहित देशको नेतृत्व लिने विश्वास व्यक्त गरे ।

## बालेन प्रधानमन्त्री नबने आत्मदाह गर्छुः डा. अमरेशकुमार सिंह

राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेका डा. अमरेशकुमार सिंहले अबको प्रधानमन्त्री बालेन साह नबने आत्महदाह गर्ने बताएका छन् । बालेन प्रधानमन्त्री नबने जनकपुरधाममै आएर आत्मदाह गर्ने उनले बताए ।

'हामी सीता माताका सन्तान हौँ । सीमा माता यही धर्तीमा समाहित भएकी थिइन् ।

बालेन प्रधानमन्त्री भएनन् भने म जनकपुरधामको धर्तीमा समाहित हुनेछु,' उनले दोहो¬याएर भने, 'बालेन प्रधानमन्त्री बनेनन् भने म जनकपुरको रणभूमिमा आत्मदाह गर्नेछु ।' बालेनलाई देशको महानायक भन्दै उनले आफ्नो गम्छा देखाउँदै भोट मागे ।

'म हात जोडेर भन्छु, मसँग केही छैन । केवल आग्रह गर्छु, तपाईंहरूसँग गम्छामा भिख माग्छु, मधेशलाई प्रधानमन्त्री देऊ,' सिंहले भने ।

## रवि–बालेनको मिलनले देश हाँसेको छः सोविता गौतम



रास्वपाका नेता सोविता गौतमले मधेश इतिहास बोकेको ठाउँ भएको भन्दै आज देशको भाग्य परिवर्तन मधेशबाटै हुनुपर्ने बताएकी छिन् । सभालाई सम्बोधन गर्ने क्रममा उनले देशको भाग्य परिवर्तन मधेशबाटै हुनुपर्ने बताइन् ।

अब हुने निर्वाचनबाट मधेशका छोरा बालेनलाई प्रधानमन्त्रीको रुपमा हेर्न चाहेको उनले बताइन् । 'हामी परिवर्तनको उद्घोष लिएर देशव्यापी रुपमा हिँडेका छौँ । इतिहास बोकेको ठाउँ हो मधेश, आज यो उद्घोष सभाबाट मधेशले वाचा गर्नैपर्छ, यो देशले भाग्य परिवर्तन गर्नैपर्छ,' गौतमले भनिन्, 'मधेश अग्रपंक्तिमा रहनैपर्छ । किनकी रास्वपा आज अग्रपंक्तिमा उभिएको छ । यो देश अबको आउने निर्वाचनबाट बालेन शाहज्यूलाई प्रधानमन्त्रीको रुपमा हेर्न चाहन्छ ।'

उनले आज बलिदान दिवस मनाइरहँदा पार्टी सभापति रवि लामिछानेले १५ वर्षअघि क्यामेरा बोकेर देशका समस्या बुझ्नका लागि हिँडेको स्मरण गरिन् । 'बलिदान दिवस मनाइरहँदा हाम्रो पार्टीको सभापति रवि लामिछाने आजभन्दा १०–१५ वर्षअघि मधेशका फाँटमा गएर नेपालका समस्यालाई उजागर गर्दै हुनुहुन्थ्यो,' उनले भनिन् । आज पार्टीमा बालेन साह प्रवेश गर्दैगर्दा पार्टीले पूर्णता पाएको महसुस आफूले पाएको बताइन् । 'जसरी यो पार्टी निर्माण गर्नुभयो यो पार्टीमा हाम्रा बालेन्द्र साहज्यू जन्मको हिसाबले मधेशको छोरो, राजनीतिक जन्मको हिसाबले काठमाडौँको छोरो र मेयरको रुपमा उहाँको राजनीतिक उदय भएको थियो,' उनले भनिन्, 'आज अपनत्वको हिसाबले देशको छोरो एकै ठाउँमा उभिनुभएको छ । यो ऐतिहासिक क्षण हो । यो मञ्चमा उभिँदा आज रास्वपा पूर्ण भएको महसुस गरेको छु । मैले मेरो देश पूर्ण भएको महसुस गरेको छु ।' रवि र बालेनको उपस्थितिले देश हाँसेको र आशा गरेको अनि भविष्य देखेको उनको भनाइ छ ।

## मधेशवादी, पहाडवादी वा हिमालवादी अब चल्दैनः रवि लामिछाने



रास्वपाका सभापति रवि लामिछानेले आफू सबैभन्दा धेरै मत ल्याउने पार्टी बनेर संसदमा जाने दाबी गरेका छन् । सोमबार जनकपुरधाममा आयोजित सभालाई सम्बोधन गर्दै उनले यसअघि आफू सबैभन्दा धेरै भोट ल्याउने सांसद बनेको र अब सबैभन्दा धेरै मत ल्याउने पार्टीको अगुवाई गरेर संसदमा जाने जिकिर गरे । उनले भने, 'हिजो सबैभन्दा धेरै भोट ल्याउने सांसद भएको थिएँ । अब सबैभन्दा धेरै मत ल्याउने पार्टी बनेर संसदमा जानेछु, ।'

आफू प्रत्येक दिन मेरो टाउकोमा लागेको मुद्दाका कारण कुनै न कुनै अदालतमा जानपरेको भन्दै गुनासो गरे । उनले भने, 'ममाथि लागेका मुद्दाहरुका कारण दिनैपिच्छे अदालतमा उपस्थित हुनु पर्छ । मलाई त्यसको परवाह छैन, जनताको मुद्दा लिएर हिँडेको मान्छे मुद्दा हारे हरिन्छ, जिते जितिन्छ तर त्यसको परवाह अब छैन ।'

बच्चालाई टाउको र छातिमा गोली दागेको सरकारले मलाई जेलमा कुनै दिन फेरि जेलमा पुर्याउन सक्ला तर अब त्यसको चिन्ता छैन किनभने अब देशले बालेन पाएकामा खुशी रहेको बताए । रास्वपा सभापति लामिछानेले हामीमाथि झुठा मुद्दा लगाउने तथा लाञ्छना लगाउनेहरुसँग कुनै किसिमको प्रतिशोध नसाँध्ने समेत स्पष्ट गरे । आउने निर्वाचनको माध्यमले हरेक कुराको हिसाब हुने समेत बताए ।

सभापति लामिछानेले देशलाई विभाजन गर्ने भाष्य अस्वीकार गर्दै नेपालमा सबै नागरिक नेपालवादी भएको बताए । 'जनआन्दोलनमा बच्चाहरूमाथि गोली चलाउने सरकारले गरेको अन्यायको जवाफ दिनुपर्छ,' उनले भने ।

# माघ २० गतेभित्र हातहतियार बुझाउन निर्देशन

**पर्वत।**
जिल्ला प्रशासन कार्यालय पर्वतले यही माघ २० गते भित्र इजाजत प्राप्त हातहतियार बुझाउन आग्रह गरेको छ । आसन्न फागुन २१ को प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय पर्वतले सूचना जारी गरेर माघ २० गते भित्र बुझाउन अनुरोध गरेको हो।

द्वन्द व्यवस्थापनपछि गाउँगाउँमा रहेका अवैध हतियारलाई वैधानिकता दिन जिल्ला प्रशासन कार्यालय पर्वतले विभिन्न प्रकृतिका ७५ थान हतियारलाई कानुनी दायरामा ल्याएर दर्ता गराएको छ । आगामी निर्वाचनको मिति घोषणा भएको र उक्त निर्वाचनलाई लक्षित गर्दै इजाजत प्राप्त गरेका हातहतियार बुझाउन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले बताए।

उनका अनुसार इजाजत प्राप्त हातहतियारहरू निर्वाचन सम्पन्न भएको एक महिना पश्चात् उहाँहरूलाई नै फिर्ता गर्नेगरी हातहतियार धनीहरूलाई नजिकको प्रहरी इकाइमा बुझाउन अनुरोध गरिएको हो । जिल्ला प्रशासन कार्यालयले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ बमोजिम जिल्लामा विभिन्न व्यक्तिहरूसंग रहेका इजाजतपत्र प्राप्त हातहतियारहरू माघ २० गते भित्र स्थानीय प्रहरी कार्यालयहरूमा अनिवार्य रूपमा बुझाउन आग्रह गरेको उनको भनाइ छ।

हातहतियार दर्ता गराएर हरेक वर्ष नवीकरण गर्नुपर्ने प्रावधान रहेपनि जिल्ला प्रशासन कार्यालय पर्वतमा नवीकरणको यथेष्ट तथ्याङ्क भने छैन।

नवीकरण गर्दा जुनसुकै जिल्लाबाट पनि गर्न सकिने भएकाले नविकरणको विवरण अद्यावधिक हुन नसकेको कार्यालयले जनाएको छ । समयमै हातहतियार नबुझाउनेहरूलाई खोजतलास गरी कानुन बमोजिम कारबाही प्रकृया अघि बढाउने चेतावनी पनि प्रशासनले दिएको छ।

# निःशुल्क परिवार योजनाबाट छ सय बढी लाभान्वित

**महोत्तरी ।**
जलेश्वर स्थित सञ्चालन भएको एकमहिने निःशुल्क परिवार योजना शिविरबाट छ सयभन्दा बढी लाभान्वित भएका छन् । जिल्ला स्वास्थ्य कार्यालयद्वारा गत पुस ४ गतेदेखि यही माघ ३ गतेसम्म जिल्लाका १५ वटै पालिकाको ११ स्थानमा सञ्चालित शिविरबाट छ सय तीन जना महिला लाभान्वित भएका हुन् ।

कार्यालय प्रमुख नवलकिशोर साहका अनुसार सन्तानको इच्छा पूरा भएका महिला तथा पुरुष लक्षित गरेर शिविर आयोजना गरिएको थियो । कार्यक्रममा स्थायी बन्ध्याकरण गर्न महिलाका लागि मिनिल्याप र पुरुषका लागि भ्याक्सेटोमी सर्जरी सेवाको व्यवस्था गरिएको थियो । शिविरबाट महिलाले मात्रै मिनिल्याप सेवा लिएको कार्यक्रमका सम्पर्क व्यक्ति सिर्जना यादवले जानकारी दिए । शिविरमा दुई जनाले आइयुसिडी, चार जनाले इम्प्लान्ट र पाँच जनाले गर्भपतनको सेवा लिएको छन् । शिविरबाट जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका आठ सय ७४ जनालाई स्थायी बन्ध्याकरण गर्ने लक्ष्य लिइए पनि छ सय तीन जनाले मात्रै सेवा लिएका यादवले बताए ।

# वीरगंज भन्सारः छ महिनामा एक खर्ब बढि राजस्व सङ्कलन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको छ महिनामा रु एक खर्ब १६ अर्ब ५८ करोड ८५ लाख ६३ हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले गत आर्थिक वर्षको सोही अवधिको तुलनामा रु १२ अर्ब एक करोड बढी राजस्व सङ्कलन गरेको हो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आर्थिक वर्षमा यो नाका हुँदै हुने राजस्व सङ्कलन उत्साहजनक भएको बताए ।

कार्यालयले गत साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड राजस्व सङ्कलन गरेको थियो । त्यसैगरी कात्तिकमा रु १७ अर्ब ३३ करोड र मङ्सिरमा भने रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको छ । पुसमा पनि रु २० अर्ब २० करोड राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ ।

# मनाङमा ७ हजार मतदाता, २९ मतदान केन्द्र

**मनाङ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र भइरहेको छ । उक्त निर्वाचनमा मनाङमा सात हजार मतदाताले मतदान गर्ने भएका छन् । विसं २०७९ मङ्सिर ४ गते भएको प्रतिनिधिसभा निर्वाचनमा ६ हजार ७७९ मतदाता रहेका थिए । प्रमुख निर्वाचन अधिकारी जीवन कुँवरका अनुसार आगामी फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनमा महिला तीन हजार ६२३ र पुरुष तीन हजार ३७७ मतदाताले २९ मतदान केन्द्रमा मतदान गर्ने छन् । सुरक्षा र मतदातालाई सहज बनाउन कारागारमा एउटा मतदान केन्द्र थप भएको छ ।

नार्सों गाउँपालिकामा नौ, चामेमा एक अस्थायीसमेत गरी ६, नार्पाभूमिमा पाँच र मनाङ ङिस्याङमा नौ मतदान केन्द्र रहेका निर्वाचन अधिकारी कुँवरले बताए । भौगोलिक दृष्टिले मनाङमा निर्वाचन जोखिमपूर्ण रहेको छ । यस समयमा पनि हिमपात हुनसक्ने र विकटतालाई मध्यनजर गरी सुरक्षा व्यवस्थापनको कार्य भइरहेको प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला सुरक्षा समितिका संयोजक नवराज पौड्यालले जानकारी दिए ।

'सडकसमेत नपुगेको र भौगोलिक विकटता रहेको नार्पाभूमिमा जोखिम छ । निर्वाचनको तयारी भने भइरहेको छ', उनले भने 'भौगोलिक रूपमा विकट, मौसमका हिसाबले संवेदनशील र पूर्वाधारको दृष्टिले चुनौतीपूर्ण मानिने यस जिल्लामा निर्वाचन सम्पन्न गर्नु आफैँमा एउटा ठूलो व्यवस्थापकीय काम हो । त्यसैले निर्वाचन आयोग, जिल्ला प्रशासन, सुरक्षा निकाय र स्थानीय तहबीच आवश्यक समन्वय गर्दै निर्वाचनको तयारीलाई प्राथमिकतामा राखिएको छ' । रासस

# निर्वाचन आचारसहिंता पालना गर्ने सर्वपक्षीय प्रतिबद्धता

**गण्डकी।**
कास्कीका राजनीतिक दल, उम्मेदवार, पत्रकार लगायतले निर्वाचन आचारसहिंता पालना गर्ने प्रतिबद्धता जनाएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले आज आयोजना गरेको निर्वाचन आचारसंहितासम्बन्धी सर्वदलीय–सर्वपक्षीय बैठकमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नुपर्नेमा जोड दिइएको हो।

नेपाली कांग्रेस, कास्कीका सचिव देवेन्द्र रानाभाटले स्वतन्त्र र निष्पक्ष ढङ्गले निर्वाचन सफल पार्नु सबैको दायित्व भएको बताए। आचारसंहिता पालनामा मुख्य गरी राजनीतिक दल र उम्मेदवारहरु बढी जिम्मेवार हुनुपर्ने उनको भनाइ छ।

नेकपा (एमाले), कास्कीका उपाध्यक्ष भेषराज बरालले उम्मेदवारले भयरहित वातवरणमा आफूले चाहेको राजनीतिक दल र उम्मेदवारलाई मतदान गर्न पाउने वातावरण सिर्जना गर्नुपर्ने बताए।

नेपाली कम्युनिष्ट पार्टी, कास्कीका संयोजक विश्वप्रकाश लामिछाने आचारसंहिता पालनामा विगतका निर्वाचनमा भएका कमजोरीबाट पाठ सिक्नुपर्ने बताए। संसदीय पत्रकार मञ्च, गण्डकीका पूर्वअध्यक्ष भरत कोइरालाले विगतका उदाहरणबाट राजनीतिक दल र सञ्चारमाध्यमबाटै आचारसंहिता उल्लङ्घनका घटना बढी हुने गरेको पाइएको बताए । उनले पत्रकारलाई निर्वाचनसम्बन्धी समाचार सङ्कलनमा सहज पहुँच दिनुपर्ने बताए।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले निर्वाचन सफल पार्न सबै पक्षको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने बताए । निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्था चुस्त पारिएको उनको भनाइ छ। तीनै तहका सुरक्षा निकाय सम्मिलित सुरक्षा रणनीति तयार गरी कार्यान्वयनमा गइसकेको प्रजिअ शर्माले बताए । उनका अनुसार जिल्लामा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका गरी झन्डै दुई हजार सुरक्षाकर्मी परिचालन हुनेछन् । दुई हजार ३०३ जना निर्वाचन प्रहरी खटिनेछन्।

मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले निर्वाचन आचारसंहिता पालना भए÷नभएको विषयमा प्रभावकारी अनुगमन गरिने बताए। 'आचारसंहिता आफैँमा कानुनी दस्तावेज त होइन, तर यसको उल्लङ्घन हुँदा कानुन आकर्षित हुन्छ,' उनले भने, 'आचारसंहिता उल्लङ्घनका घटनामा उम्मेदवारको मनोनयन नै रद्दसमेत हुन सक्ने अवस्था आउन सक्छ ।' मुख्य निर्वाचन अधिकृत बेलबासेले सबैको लक्ष्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नु रहेको बताए।

सहायक निर्वाचन अधिकृत राजन खनालले मङ्गलबार हुने उम्मेदवार मनोनयनको तयारी पूरा भएको बताए । उनले एकै पटकमा भीडभाड हुन नदिन राजनीतिक दलहरुलाई आलोपालो गरेर मनोनयन दर्ताका लागि समय व्यवस्थापन गरिएको बताए। कास्की–१ को रामघाट, कास्की–२ को ड्यामसाइट र कास्की–३ को मालेपाटनमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा मनोनयन दर्ता गरिने सहायक निर्वाचन अधिकृत खनालले बताए।

कार्यक्रममा प्रदेश निर्वाचन अधिकारी नारायण ढकालले निर्वाचन आचारसंहिता–२०८२ का विषयमा प्रस्तुतीकरण राखेका थिए । उनले आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवारलगायत जो कोहीलाई स्पष्टीकरण सोध्नेदेखि कारबाहीसम्मको कानुनी व्यवस्था रहेको बताए । 'आचारसंहिता विपरीत मिथ्यापूर्ण सूचना सम्प्रेषण गर्ने, दुष्प्रचार गर्ने, र द्वेषपूर्ण अभिव्यक्ति दिनेलाई एक लाख रुपैयाँसम्मको जरिवानासहित कानूनी कारबाही हुन्छ,' उनले भने, 'आचारसंहिता पालनाका सन्दर्भमा प्रभावकारी अनुगमन र निगरानी हुन्छ।'

# पूर्वमुख्यमन्त्रीद्वारा प्रदेशसभा सदस्यबाट राजीनामा



धनुषा ।
मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएका छन् ।

जनकपुरधामस्थित मधेस प्रदेशसभा कार्यालयमा प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पूर्वमुख्यमन्त्री सिंहले राजीनामा पत्र बुझाएका हुन् । मधेस प्रदेशसभाको प्रदेशसभा सचिवालयमा पेस गरिएको राजीनामा पत्रमा उनले नेपालको संविधान २०७२ को धारा १८० (क) तथा प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ को नियम १८४ (१) बमोजिम प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको उल्लेख गरेका छन् । जनमत पार्टीबाट सप्तरीको प्रदेशसभा निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित सिंहले आजैदेखि लागू हुनेगरी राजीनामा दिएका हुन् । रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यलय, बसपार्क, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुनः ७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८१/१०/२३ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/१२/२० को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने लिलाम तथा दोस्रो पटक मिति २०८२/०९/०२ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम सूचना , तेस्रो पटक मिति २०८२/०९/१७ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८२/१०/१३ गते मंगलवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी, फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान ((गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

**१)ऋणीको नाम, ठेगाना**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज, पर्सामा मिति २०७१/०१/२४ गते प्रा.फ.र.नं.३२२०२/०७०/०७१ दर्ता भै,सखुवा प्रसौनी गा.पा.,महुवन वडा नं. ०५ पर्सा कार्यालय रहेको **महाविर ट्रेड कन्सर्न (प्रोप्राइटर - राज कपुर साह तेली)** ।

**कर्जाको प्रकार:-व्यवसायीक अधिविकर्ष कर्जा , व्यवसायीक डिमान्ड कर्जा**

**कर्जाको सुरक्षण विवरण:**

क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४-०१-७६-१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३५ को रुमा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०६ स्थित किता नं १५४ र १५५ को जम्मा क्षेत्रफल क्रमश: ०-४-०-० र ०-४-०-० को घर जग्गाहरु ।

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१ ,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को जयगोविन्द सा तेलीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०३ स्थित किता नं ५६ को जम्मा क्षेत्रफल ०-१-६-० को घर जग्गा ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :**

क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४०१७६१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३६ को **रुमा देवी साह** ।

ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को **जयगोविन्द सा तेली** ।

ग) रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गाविस महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनिगा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९६१७३४, जारी मिति २०५९/११/२०, पर्सा) बर्ष ३९ को **राज कपुर साह (तेली)**।

घ) रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गा.वि.स. महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनि गा.पा. वडा नं. ०५, बस्ने(ना.प्र.न. ५७९४१६७१ ,जारी मिति २०५८/०५/२१, पर्सा) बर्ष ४१ को **अनिल कुमार साह** ।

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

**पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**
उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिकीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिकी गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिकी भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिकी भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिकी गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिकी नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्ते कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ माघ १२ गते सोमबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ माघ १३ गते मंगलबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज, बदननगर (बिरगंज), बरहथवा (सर्लाही), बर्दिबास (महोतरी) ।

# विकासको बिगुल फुक्न रास्वपा प्रवेश गरेको छुः रहवर अन्सारी



नेकपा छाडेर रास्वपा प्रवेश गरेका रहबर अन्सारीले मधेशले परिवर्तनको शक्ति खोजेको बताएका छन् । जनकपुरधामस्थित तिरहुतियागाछीमा आयोजित परिवर्तन उद्घोष सभाबाट औपचारिक रूपमा रास्वपा प्रवेश गरेका अन्सारीले मधेशले बालेनलाई प्रधानमन्त्रीका रूपमा देख्न चाहेको बताए ।

'यो दुनियाँले अहिलेसम्म नदेखेको मधेशी अनुहार यो देशको नेतृत्वको केन्द्रमा रहनका लागि मधेशका छोरा बालेनलाई प्रधानमन्त्रीका रूपमा देख्न चाहन्छ,' उनले भने ।

रास्वपा सभापति रवि लामिछानेको त्याग र मधेशी छोरा बालेनको क्षमताको प्रशंसा गर्दै अन्सारीले भने, 'मधेशले दुःख चिनेको छ, मधेशले संघर्ष गरेको छ, मधेशले परिवर्तनको शक्ति खोजेको छ ।' नेताहरूले भाषण गरेर बाँडेका मधेशीका सपनाको अवमूल्यन भएको उल्लेख गर्दै अन्सारीले त्यो सपना रास्वपाले पूरा गर्ने जिकिर गरे । मधेशबाट विकासको विगुल फुक्ने सपना बोकेर आफू रास्वपा प्रवेश गरेको बताउँदै उनले भने, 'मधेशी जनताको सपना यही जमिनमुनि गााडिएको छ, र यो जमिनभित्रको सपना यहाँको इमानदार नेतृत्वले निकालेर ज्वालामुखीझैं विकासको बिगुल फुक्ने सपना बोकेर म पनि रास्वपामा आएँ ।'

# पर्सामा ६२ मतदानस्थल 'अतिसंवेदनशील'

**मधेशदृष्टि**
**वीरगंज ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला सुरक्षा समिति पर्साले जिल्लामा तोकिएका १६७ मतदानस्थलमध्ये ६२ वटालाई 'अतिसंवेदनशील' सूचीमा राखेको छ ।

बाँकी मतदानस्थलमध्ये ८५ संवेदनशील र २० कम संवेदनशील श्रेणीमा वर्गीकरण गरिएको छ । जिल्लाभर कुल १६७ मतदानस्थल रहेका छन् । निर्वाचन क्षेत्रअनुसार क्षेत्र नम्बर १ मा ३४, क्षेत्र नम्बर २ मा ३८, क्षेत्र नम्बर ३ मा ४७ र क्षेत्र नम्बर ४ मा ४८ मतदानस्थल तोकिएका छन् ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित रूपमा सम्पन्न गर्न सुरक्षा व्यवस्था कडाइका साथ लागू गरिएको बताए । 'निर्वाचन लक्षित सुरक्षा प्रबन्ध चुस्तदुरुस्त बनाउँदै आएका छौँ,' उनले भने, 'मतदानस्थल तथा मतदान केन्द्रको निरन्तर निरीक्षण र सुरक्षा निकायबीच आवश्यक समन्वय भइरहेको छ ।'

प्रजिअ दाहालका अनुसार गत माघ २ गते नै जिल्लाका चारै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेका छन् । ती कार्यालयहरूमा सुरक्षाकर्मी परिचालन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाइएको छ । पर्सामा हाल ४४१ मतदान केन्द्र र दुई अस्थायी मतदान केन्द्र रहेका छन् । चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नम्बर १ मा १०३, क्षेत्र नम्बर २ मा ११० तथा क्षेत्र नम्बर ३ र ४ मा ११४–११४ मतदान केन्द्र तोकिएको छ ।

जिल्लामा कुल मतदाता संख्या ३ लाख ७६ हजार ५१३ रहेको छ । तीमध्ये २ लाख १२ हजार ७७ पुरुष, १ लाख ६४ हजार ४२१ महिला तथा १५ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मतदाता रहेका छन् ।

**सुरक्षा चुनौतिका आधारमा मतदानस्थल वर्गीकरण**

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले मधेश प्रदेशका मतदानस्थललाई सुरक्षा चुनौतीका आधारमा वर्गीकरण गरेको छ । आयोगका अनुसार मधेश प्रदेशमा कुल मतदानस्थलमध्ये १ हजार २ सय ४६ मतदानस्थल अति संवेदनशील सूचीमा राखिएका छन्, जुन देशकै सबैभन्दा बढी संख्या हो ।

केन्द्रीय सुरक्षा समिति बैठकले सुरक्षाको दृष्टिकोणबाट मतदानस्थललाई अति संवेदनशील, संवेदनशील र सामान्य गरी तीन श्रेणीमा वर्गीकरण गर्दै सोहीअनुसार सुरक्षा व्यवस्था मिलाइएको जनाएको छ। सुरक्षा खाकाअनुसार मधेश प्रदेशमा १ सय ५९ मतदानस्थल सामान्य, ७ सय ५५ संवेदनशील र १ हजार २ सय ४६ अति संवेदनशील तोकिएका छन् ।

# डा. अमरेश सिंह रास्वपामा प्रवेश



डा. अमरेश कुमार सिंह औपचारिक रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा प्रवेश गरेका छन् ।

सोमबार जनकपुरधाममा रास्वपाले आयोजना गरेको 'परिवर्तनको उद्घोष सभा'मार्फत सिंह पार्टीमा आबद्ध भएका हुन् । कार्यक्रममा पार्टी सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन साह, उपसभापति स्वर्णिम वाग्ले, सोविता गौतमलगायतका नेताहरूले उनलाई स्वागत गरे ।

पार्टी प्रवेशपछि सम्बोधन गर्दै डा. सिंहले देशमा व्याप्त भ्रष्टाचार र बेथितिविरुद्ध निर्णायक संघर्ष आवश्यक रहेको बताए । उनले देशलाई पछाडि धकेल्ने शक्तिहरूको अन्त्य गर्ने समय आएको उल्लेख गर्दै भ्रष्टाचारविरुद्ध कडा अडान व्यक्त गरे । नेतृत्वको सन्दर्भमा सिंहले देशले बलियो र परिवर्तनकारी नेतृत्व खोजिरहेको धारणा राखे। हालको राजनीतिक अवस्थाले जनतामा व्यापक निराशा पैदा गरेको उल्लेख गर्दै त्यसको अन्त्यका लागि रास्वपाले वैकल्पिक राजनीतिको मार्ग प्रस्तुत गरेको उनको भनाइ थियो । कार्यक्रममा सहभागी नेताहरूले डा. सिंहको पार्टी प्रवेशले मधेशसहित देशव्यापी रूपमा रास्वपालाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन् ।

# शहीदको शालिकमा बालेनले गरे माल्यार्पण



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन साहले मधेश आन्दोलनका शहीदको सम्झनामा लहानस्थित शहीद सालिकमा माल्यार्पण गरेका छन् । आन्दोलनका प्रथम शहीद रमेश महतोसहित विजय सहनी, प्रमोद सदाय, बेचन यादव र अनिष अन्सारीलगायतका शहीदको शालिकमा उनले श्रद्धाञ्जली अर्पण गरेका हुन् ।

जनकपुरधामस्थित जानकी मन्दिरमा बिहानै पूजा–अर्चना सम्पन्न गरेपछि साह लहान पुगेका थिए । माल्यार्पण कार्यक्रममा युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ता र नेता अमरेशकुमार सिंह पनि सहभागी थिए ।

मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका शहीदको सम्मानमा प्रत्येक वर्ष माघ ५ गते 'बलिदानी दिवस' मनाउने गरिन्छ । सोही अवसरमा गरिएको माल्यार्पणले शहीदप्रति सम्मान र आन्दोलनको ऐतिहासिक महत्वलाई स्मरण गराएको सहभागीहरूको भनाइ छ ।

# पर्सामा एमालेको रणनीतिक कार्डः नयाँ अनुहारदेखि दोहोरिएका उम्मेदवारसम्म

**हरिशंकर शर्मा**
**वीरगंज ।**



नेकपा (एमाले) ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका पर्सा जिल्लाका चार वटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा उम्मेदवारको टुंगो लगाएको छ । पार्टीले पर्सा क्षेत्र नम्बर १ बाट पूर्वमन्त्री तथा निवर्तमान सांसद प्रदीप यादवलाई उम्मेदवार बनाएको छ ।

आइतबार राति मात्रै जसपा नेपाल परित्याग गरी ओली निवास गुण्डु पुगेर एमाले प्रवेश गरेका यादवलाई सोही क्षेत्रमा टिकट दिइएको हो ।

जसपा नेपालले टिकट नदिने निर्णय गरेपछि यादव एमाले प्रवेश गरेर उम्मेदवार बन्न सफल भएका हुन् ।

उनी २०७४ र २०७९ को निर्वाचनमा पर्सा क्षेत्र नम्बर १ बाटै उपेन्द्र यादव नेतृत्वको पार्टीबाट लगातार दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

त्यसैगरि पर्सा निर्वाचन क्षेत्र नम्बर २ बाट रिमा कुमारी यादवलाई उम्मेदवार बनाउने औपचारिक निर्णय गरेको छ । वीरगंज महानगरपालिका–२९ मुसौली निवासी र एमाले नेता प्रद्युम्न यादवकी पत्नी रिमा यादवलाई पार्टीले टिकट प्रदान गर्दै चुनावी प्रतिस्पर्धामा उतारेको हो । रिमा यादवको उम्मेदवारीले पर्सा–२ मा पार्टीको संगठन विस्तार हुनुका साथै मतदातासँग प्रत्यक्ष सम्पर्क सुदृढ हुने विश्वास व्यक्त गरिएको छ ।

यसअघि पर्सा–२ बाट एमाले केन्द्रीय सदस्य तथा वीरगंजका पूर्व मेयर विजयकुमार सरावगीलाई उम्मेदवार बनाउने गृहकार्य भएको थियो । पार्टी अध्यक्ष केपी शर्मा ओलीले समेत सरावगीलाई निर्वाचनमा होमिन आग्रह गरेका थिए । तर सरावगीले प्रतिनिधिसभा निर्वाचन नलड्ने अडान लिएपछि अन्ततः पार्टीले रिमा यादवलाई उम्मेदवार बनाएको हो ।

त्यस्तै त्यस्तै, पर्सा क्षेत्र नम्बर ३ बाट मधेस प्रदेशसभा सदस्य तथा पूर्व शिक्षामन्त्री प्रमोद जयसवाल एमालेको उम्मेदवार बनेका छन् ।

२०७९ को निर्वाचनमा जसपा नेपालले टिकट नदिएपछि स्वतन्त्र उम्मेदवारी दिई प्रदेशसभा सदस्यमा निर्वाचित भएका जयसवाल डेढ वर्षअघि मात्रै एमालेमा प्रवेश गरेका थिए ।

यसैगरि पर्सा क्षेत्र नम्बर ४ मा भने एमालेले जालिम मियाँलाई पुनः उम्मेदवार बनाएको छ । २०७९ को निर्वाचनमा पनि एमालेकै तर्फबाट उम्मेदवार बनेका मियाँ कांग्रेसका रमेश रिजालसँग करिब पाँच हजार मतान्तरले पराजित भएका थिए । त्यसअघि उनी २०७४ मा जगरनाथपुर गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए । पर्सा क्षेत्र नम्बर २ बाट एमालेले नयाँ अनुहारलाई अघि सारेको हो ।

# पर्सामा कांग्रेस अन्योलमै पुरानै दोहरिने संकेत

**मधेशदृष्टि**
**वीरगंज ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार मनोनयन दर्ताको मिति नजिकिँदै जाँदा पनि नेपाली कांग्रेसले पर्सा जिल्लाका चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवारको अन्तिम टुंगो लगाउन सकेको छैन । मनोनयन अघिल्लो दिन साँझसम्म पनि पर्सामा कांग्रेसको आधिकारिक निर्णय सार्वजनिक हुन नसकेको हो ।

पार्टी स्रोतका अनुसार पर्सा क्षेत्र नम्बर ३ र ४ मा भने कांग्रेसबाट पुनः पुरानै अनुहार दोहोरिने सम्भावना लगभग निश्चित जस्तै देखिएको छ । क्षेत्र नम्बर ३ बाट सुरेन्द्र प्रसाद चौधरी र क्षेत्र नम्बर ४ बाट रमेश रिजालको नाम करिब टुंगोमा पुगे पनि पार्टीले औपचारिक रूपमा घोषणा भने गरिसकेको छैन ।

यसैबीच, क्षेत्र नम्बर ३ का सम्भावित उम्मेदवार सुरेन्द्र प्रसाद चौधरी र क्षेत्र नम्बर ४ का रमेश रिजालका समर्थकहरूले मंगलबार मनोनयन दर्ताका लागि स्थानसमेत तोकेर भेला हुन आह्वान गरिसकेका छन् । तर कांग्रेसका केन्द्रीय सदस्य रामरुप कुर्मीका अनुसार पर्साका चारवटै क्षेत्रमा अहिलेसम्म पार्टीको आधिकारिक निर्णय भइसकेको छैन । उनले गगन, देउवा र शेखर पक्षका शीर्ष नेताहरूबीच निरन्तर छलफल भइरहेको जानकारी दिए । 'तीनै पक्षबीच संवाद जारी छ, तर सोमबार बेलुकीसम्म पनि पर्साको कुनै क्षेत्रको उम्मेदवार टुंगो लागेको छैन,' कुर्मीले बताए ।

कांग्रेसभित्र पर्सा क्षेत्र नम्बर १ मा अनिल रुंगटा र अजय द्विवेदीमध्ये एक जनालाई उम्मेदवार बनाइने सम्भावना रहेको छ । यस्तै, क्षेत्र नम्बर २ मा अजय चौरसिया र राजेन्द्र बहादुर अमात्यमध्ये एक जनाले टिकट पाउने प्रबल सम्भावना रहेको पार्टी स्रोतको दाबी छ ।

# नेकपाको उम्मेदवार टुङ्गो



**मधेशदृष्टि**
**वीरगंज ।**

नेपाली कमिन्यूष्ट पार्टीले सबै निर्वाचन क्षेत्रहरुको उम्मेद्वारको नाम टुंगो लगाएको छ । भोलि (माघ ६) गते देशभर उम्मेदवारी दर्ता हुँदैछ । यसका साथै नेकपाले पर्साका चार वटै निर्वाचन क्षेत्रहरुको उम्मेद्वार पनि टुंगो लगाएको छ ।

पर्सा निर्वाचन क्षेत्र नम्बर.१ बाट अजय चौरसिया, पर्सा २ बाट मनोज चौधरी, पर्सा .३ बाट छोटेलाल यादव र पर्सा .४ बाट जयप्रकाश थारुलाई उम्मेद्वार बनाइएको छ ।

यसैगरी बारा निर्वाचन क्षेत्र न.१ बाट सन्तोष दंगाल, बारा २ बाट रमेश प्रसाद यादव, बारा ३ बाट भरत प्रसाद साह र बारा ४ बाट अजय कुशवाहालाई नेकपाले उम्मेद्वार बनाएको छ ।

# पर्सामा निर्वाचन प्रहरीको छनोट प्रक्रिया शुरु



**मधेशदृष्टि**
**वीरगंज ।**

आगामी फागुन २१ गतेदेखि हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सा जिल्लामा निर्वाचन प्रहरी छनोट प्रक्रिया औपचारिक रूपमा सुरु भएको छ । सोमबारदेखि आवेदन दिएका उम्मेदवारहरूको शारीरिक परीक्षणसहितका विभिन्न चरणका छनोट कार्य अघि बढाइएको हो ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति पर्साका संयोजक सुमनकुमार कार्कीका अनुसार छनोट प्रक्रिया वीरगंजस्थित नारायणी रङ्गशालामा सञ्चालन भइरहेको छ । 'सोमबार बिहानदेखि निर्वाचन प्रहरीमा आवेदन दिनेहरूको शारीरिक परीक्षणलगायतका काम सुरु गरिएको छ,' उनले भने, 'यसमा युवाहरूको सहभागिता उत्साहजनक देखिएको छ ।' निर्वाचन प्रहरी छनोट प्रक्रिया नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना तथा राष्ट्रिय अनुसन्धान विभागलगायत सुरक्षा निकायको प्रत्यक्ष निगरानी र सुपरीवेक्षणमा सञ्चालन भइरहेको छ ।

संयोजक कार्कीले तोकिएको मापदण्डअनुसार प्रक्रिया पारदर्शी र वस्तुपरक रूपमा अघि बढाइएको जानकारी दिए । छनोटको क्रममा दौड तथा अन्य शारीरिक गतिविधि गराइँदै आएको छ । भर्ना छनोट तथा नियुक्ति समिति पर्साले नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरी कुल २ हजार ८५२ जनाको माग गरेको थियो । तर नेपाल प्रहरीतर्फ मात्र ५ हजार ३९९ जनाको आवेदन परेको छ ।

यस्तै, सशस्त्र प्रहरीतर्फ पर्साबाट ३८५ जनाको आवेदन माग गरिएकामा माघ १ गतेसम्म ५७१ जनाले आवेदन दिएको समितिले जनाएको छ ।

# गुगल एकडेमीको बार्षिकोत्सव सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिका वडा नं. २४ स्थित गुगल एकेडेमीको बार्षिकोत्सव सोमवार सम्पन्न भएको छ । विद्यालयका प्रिन्सीपल नरेश राउत कुर्मीको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथी वीरगंज उद्योग वाणिज्य महासंघका महासचिव शिवजी प्रसाद साह कलवार थिए । कृषि अनुसन्धान केन्द्र परवानीपुरका निर्देशक डा. विश्वेशर प्रसाद यादव, श्रीजंग गण श्रीपुरका प्रमुख सेनानी लोकेन्द्र कार्की र ट्रफिक कार्यालय पर्साका प्रहरी निरिक्षक युवराज कटवाल विशेष अतिथी रहेको बार्षिकोत्सव समारोहमा पर्सा बार एशोसियशनका अध्यक्ष रामनारायण कुर्मी, एन प्याब्सन वीरगंज महानगरका अध्यक्ष जियालाल गुप्ता, ज्ञानता एकेडेमीका सिइओ राजेन्द्र कोइराला, भास्कर हर्वल हेल्थ प्रा.लि.का डा. राजु बैठा, मानव सेवा आश्रम वीरगंजका देवेश प्रसादलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सो अवसरमा विद्यालयका उत्कृष्ठ विद्यार्थी, शिक्षक, एवं अभिभावकहरूलाई समेत सम्मान गरिएको थियो ।

# निःशुल्क कम्बल वितरण

**मधेशदृष्टि**
**पोखरिया ।**

मोतीया विन्दु सल्यकृया गराएका विरामीहरूका लागि आज पोखरीयामा निशुल्क कम्बल वितरण कार्यक्रम सम्पन्न भएको छ । रुङ्गटा वेल्फेयर सोसाइटीको सहयोग तथा लायन्स क्लब अफ बिरगंज परिवार, लायन्स क्लब अफ बिरगंज आदर्शनगर र लायन्स क्लब पोखरियाको संयुक्त आयोजनामा, कम्बल वितरण गरिएको हो ।

जोन चेयरपर्शन डाक्टर लक्ष्मि थापाको पहलमा मोतियाबिन्दु शल्यक्रिया गराएका ७३ जना विरामीलाई कम्बल वितरण गरिएको लायन्स क्लव अफ पोखरीयाका अध्यक्ष नेजामुद्दिन समानीले जानकारी गराएका छन् ।


सम्पादकीय

# चुनावका मुखमा 'दलबदलु'हरुको हालिमुहाली

उम्मेदवारी मनोनयनको संघारमा पुगेर दल बदल्ने र सिधै टिकट हात पार्ने प्रवृत्तिले नेपाली राजनीतिलाई भित्रभित्रै कमजोर बनाइरहेको छ । पार्टी निर्माणमा वर्षौँ पसिना बगाएका नेता–कार्यकर्ता आज आफ्नै दलभित्र उपेक्षित महसुस गर्न बाध्य छन् । अन्तिम घडीमा आएको 'आयातीत' उम्मेदवारका कारण टिकट खोसिएको अनुभूति मात्रै होइन, राजनीतिक निष्ठामाथि नै गम्भीर प्रश्न उठेको छ । यो विकृति पुराना भनिएका दलमा मात्र सीमित छैन । 'नयाँ राजनीति'को नारा बोकेका दलहरूले पनि चुनाव जित्ने तात्कालिक लोभमा यही बाटो समातेका छन् । परिणामतः संगठन, विचार र अनुशासनभन्दा 'जित्ने सम्भावना' मात्र मापदण्ड बन्न पुगेको छ । यसले पार्टीलाई चुनावी मेसिनमा सीमित गरिदिएको छ र राजनीति मूल्यविहीन कारोबारजस्तो देखिन थालेको छ।

यस्तो प्रवृत्तिले दीर्घकालमा पार्टी संस्थागत हुनै नसक्ने खतरा बोकेको छ । निरन्तर उपेक्षा र अपमान खेपेका कार्यकर्ताको मनोबल खस्कँदै जान्छ, संगठन खोक्रो बन्छ र नेतृत्वप्रति विश्वास क्षयीकरण हुन्छ । चुनाव जितिए पनि पार्टी हार्ने स्थिति सिर्जना हुन्छ—किनकि त्यो जित संगठनको होइन, व्यक्तिको हुन्छ । यदि राजनीतिलाई सच्च्याउने हो भने दल बदललाई सहज बनाउने मानसिकतामाथि नै प्रश्न गर्नुपर्छ । निष्ठा, निरन्तरता र आन्तरिक प्रतिस्पर्धालाई सम्मान नगरेसम्म राजनीति संग्लिन सक्दैन । टिकट वितरणमा सिद्धान्त, योगदान र संगठनात्मक प्रक्रिया प्रधान नबन्दा 'विकृत मानसिकता' नै मुख्य राजनीतिक संस्कार बन्ने खतरा छ । राजनीतिलाई शुद्ध बनाउने कुरा भाषणमा होइन, यही निर्णायक क्षणमा लिइने निर्णयबाट शुरु हुनुपर्छ।

# गुमिरहेको अपार सम्भावना र सुधारको पखाईमा सङ्ग्रहालय



**ओमप्रकाश घिमिरे**

सन् २०२५ को नोभेम्बर १ तारिखमा इजिप्टले करिब साढे एक अर्ब डलर लगानी गरेर निर्माण गरेको ग्रान्ड इजिप्सियन म्युजियम विश्वका ७९ देशका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा उद्घाटन ग¥यो । देशभरि सार्वजनिक बिदा दिएर उद्घाटन गरिएको सो कार्यक्रमका अतिथिहरुले इजिप्टको सभ्यता र संस्कृति विश्वकै लागि एक महत्वपूर्ण वैभव भएकाले मानव सभ्यताका ती प्रमाणहरु हेर्न विश्वका हरेक मानिसहरु यो सङ्ग्रहालय आउनुपर्छ भन्ने सन्देश दिएका थिए भने विश्वभरिकै 'मिडिया'मा यो विषयको भव्य चर्चा पनि भयो।

सङ्ग्रहालयकै अर्को प्रसङ्ग जोडौँ । करिब एक अर्ब ४२ करोड जनसंख्या रहेको छिमेकी मुलुक चीनमा त्यहाँको सरकारले ९० प्रतिशत सङ्ग्रहालयमा निःशुल्क प्रवेश गर्ने व्यवस्था गरेको छ, जहाँ सन् २०२४ मा करिब एक अर्ब ५० करोड मानिसले सङ्ग्रहालय भ्रमण गरेका थिए । सन् २०१६ गरिएको एक अध्ययनअनुसार संयुक्त राज्य अमेरिकामा सङ्ग्रहालयले सात लाख २६ हजारभन्दा बढी मानिसलाई रोजगारी दिएको छभने वार्षिक ५० अर्ब डलरभन्दा बढी राष्ट्रिय अर्थतन्त्रमा योगदान गरेको छ।

यी केही उदाहरणहरु हुन् जसले सङ्ग्रहालयलाई पुराना वस्तुको भण्डारण गृहको सीमित दायराको परम्परागत बुझाइलाई राष्ट्रिय पहिचान, गरिमा, पर्यटक आकर्षण र अर्थतन्त्रको उत्प्रेरकसमेत हो भन्ने फराकिलो दायरामा बुझ्ने तथ्यगत आधारहरु दिन्छ । सङ्ग्रहालयको यही सम्भावना देखेर विश्वका धेरै मुलुकले अहिले सङ्ग्रहालय निर्माणमा ठूलो लगानी गरेका छन् । उदाहरणका लागि, गत नोभेम्बरमा उद्घाटन गरिएको इजिप्टको सङ्ग्रहालयको लगानी करिब डेढ अर्ब डलर अर्थात् दुई खर्ब नेपाली रुपैयाँभन्दा बढी हुन्छ । सङ्ग्रहालय इतिहास, ज्ञान, स्मृति, पहिचान र संवादका केन्द्र हो, जसले समाजलाई आफ्ना विगतसँग जोड्दै वर्तमान र भविष्यका लागि मार्गदर्शन समेत गर्दछ । शिक्षा, अनुसन्धान, संरक्षण र जनसञ्चारका माध्यमबाट सङ्ग्रहालयले सामाजिक रूपान्तरणको भूमिका बढाइरहेको छ । विश्वमा अहिले सङ्ग्रहालय हरेक देशको सफ्ट पावर (नरम शक्ति) का रुपमा पनि मानेको छ र ठूलो लगानी भइरहेको छ।

**नेपालमा सङ्ग्रहालयको अवस्था**

विश्वमा आधुनिक सङ्ग्रहालयको शुरुआत आजभन्दा झन्डै साढे तीन सय वर्षअघि सन् १६८२ मा बेलायतमा स्थापना भएको अस्मोलिन म्युजियमबाट भएको मानिन्छ । नेपालमा भने विश्वमा आधुनिक सङ्ग्रहालय स्थापना भएको साढे दुई सय वर्षपछि अर्थात् १९९५ सालमा स्थापना भएको नेपाल म्युजियम पहिलो सङ्ग्रहालय हो । २०२४ सालमा उक्त सङ्ग्रहालय राष्ट्रिय सङ्ग्रहालयमा रुपान्तरित भयो । अहिले यो परिसरभित्र राष्ट्रिय सङ्ग्रहालय र राष्ट्रिय मुद्रा सङ्ग्रहालय सञ्चालनमा छन्।

युनेस्कोको तथ्याङ्कअनुसार विश्वभर एक लाख चार हजारभन्दा बढी सङ्ग्रहालय सञ्चालनमा छन् । नेपालमा भने करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ । तर ती सबै सङ्ग्रहालय सञ्चालनमा आएका छैनन् । सङ्ख्यात्मक बृद्धिसँगै विश्वभर सङ्ग्रहालयको आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य प्रभावहरु समेत फैलिदै गएको छ । नेपालमा भने अझै पनि सङ्ग्रहालयप्रतिको बुझाइ र अभ्यास परम्परागत शैलीकै देखिन्छ।

विसं २००७ सालमा प्रजातन्त्र आएपछि सम्पदा, संस्कृति र इतिहासको संरक्षण गर्नु राज्यको दायित्व हो भन्ने कुरा २००७ सालको संविधानमा उल्लेख गरियो र त्यसपछि २०१३ सालमा प्राचीन स्मारक संरक्षण ऐन ल्याई त्यसैलाई कानूनी आधार मान्दै विभिन्न सङ्ग्रहालयहरु निर्माणमा राज्यले अग्रसरता लियो । हाल सञ्चालनमा रहेका राष्ट्रिय काष्ठकला सङ्ग्रहालय, राष्ट्रिय मुद्रा सङ्ग्रहालय, राष्ट्रिय धातुकला सङ्ग्रहालय, हनुमानढोका सङ्ग्रहालय, पाटन सङ्ग्रहालय त्यसैको उपज हुन् भन्न सकिन्छ।

अहिलेको संविधानले सङ्घीय, प्रदेश र स्थानीय तिनै तहका सरकारलाई सङ्ग्रहालय स्थापना र सञ्चालनको अधिकार दिइएको छ । तर संविधानले दिएको अधिकारलाई स्पष्ट पार्ने गरी सङ्ग्रहालय सम्बन्धमा सङ्घीय कानून बन्न नसक्दा सङ्ग्रहालयको सञ्चालन र व्यवस्थापनको बृहत्तर कानूनी आधार छैन । यद्यपि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सङ्ग्रहालय सञ्चालनको अधिकार स्थानीय सरकारलाई दिएको छ । यही कानुनी आधारलाई टेकेर पछिल्लो समयमा स्थानीय तहमा सङ्ग्रहालय खुल्ने क्रम पनि बढेको छ तर सङ्ग्रहालयको स्थापना र सञ्चालनका लागि अनिवार्य रुपमा सुनिश्चित गर्नुपर्ने आधारभूत मापदण्ड नहुँदा र सङ्ग्रहालयको दर्ता तथा अनुगमन गर्ने विशिष्ट निकाय नहुँदा नयाँ खुलेका सङ्ग्रहालय व्यवस्थित बन्न सकेको देखिंदैन।

सङ्ग्रहालय दर्ता र सञ्चालनको क्रम समेत बढे पनि यसको संख्यासमेत कति छ भन्ने बारेको यकिन आँकडा छैन । सङ्ग्रहालय जिल्ला प्रशासन कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालय, स्थानीय सरकारलगायतका विभिन्न निकायमा दर्ता भएका कारण एकै ठाउँमा यिनीहरुको आँकडा पाउन कठिन छ तर पनि सरकारी क्षेत्रसँगै समुदाय, विश्वविद्यालय, धार्मिक संस्थाहरु, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबाट समेत सङ्ग्रहालय सञ्चालन गर्ने क्रम बढेकाले यसप्रति धेरैको चासो बढेको सङ्केत गर्दछ । राष्ट्रिय समाचार समिति (रासस)ले पनि गतवर्ष मिडिया सङ्ग्रहालयको स्थापना गरी नेपाली सञ्चार क्षेत्रमा अध्ययन अनुसन्धानको नयाँ ढोका खोलेको छ । यसैगरी अन्य विषयगत एवं क्षेत्रगत सङ्ग्रहालयहरुको पनि स्थापना हुँदै जाँदा सम्बन्धित विषय वा क्षेत्रको मात्र नभई समग्र राष्ट्रकै गहना बढ्न जाने हुन्छ।

अन्तरराष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम) को नेपाल च्याप्टर आइकम नेपालका अनुसार नेपालमा साना ठूला गरी करिब एक हजार सङ्ग्रहालय दर्ता भएको अनुमान गरिएको छ भने वार्षिक रुपमा करिब ३० लाख मानिसले सङ्ग्रहालय भ्रमण गर्ने गरेको अनुमानित आँकडा छ । सङ्ग्रहालय खुल्ने क्रम बढेसँगै करोडौँको लगानी भइरहेको छभने सयौँले रोजगारी पनि पाएका छन् । उदाहरणका लागि, दाङ जिल्लाको दङ्गीशरण गाउँपालिकामा सामुदायिक स्तरबाट सञ्चालित थारू सङ्ग्रहालयले १४ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ।

**स्पष्ट संवैधानिक व्यवस्था, अस्पष्ट कानून**

नेपालको संविधान २०७२ ले संस्कृति र सम्पदालाई राज्यको नीतिगत प्राथमिकतामा राख्दै धारा ५१ मा संस्कृति, सम्पदा, सभ्यता, भाषा र विविधताको संरक्षण र प्रवर्द्धनमा राज्यको भूमिका स्पष्ट उल्लेख गरेको छ । त्यसैगरी, धारा ३२ ले मौलिक हकको रुपमा प्रत्येक नागरिक र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्रधन गर्न पाउने अधिकारको प्रत्याभूति गरेको छ । सरकारी, निजी र सामुदायिक सबै क्षेत्रबाट खुलेका सङ्ग्रहालयहरुले संविधानले उल्लेख गरेको संस्कृति, सम्पदासम्बन्धी राज्यको दायित्व र नागरिकको मौलिक हक कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेको देखिन्छ।

यी सङ्ग्रहालयहरू नेपाली समाज, इतिहास, सभ्यता र संस्कृतिका संरक्षक मात्र नभई शिक्षा र पर्यटनका महत्वपूर्ण केन्द्रका रुपमा पनि विस्तारित भएका छन् । तर यति महत्वपूर्ण भूमिका निर्वाह गरिहरेका सङ्ग्रहालयको दर्ता, सञ्चालन, अभिलेखीकरण र नियमनका लागि कुनै विशिष्ट कानुन र निकाय नहुनुले यस क्षेत्रमा राज्यको कमजोर अवस्थालाई चित्रण गर्दछ।

नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ ले सङ्ग्रहालयलाई बहुआयामिक ढङ्गले विकास गर्ने लक्ष्य उल्लेख गर्दै विशिष्ट सङ्ग्रहालय ऐन निर्माण गर्ने कुरा उल्लेख गरेको छ । तर नीति बनेको १५ वर्ष बितिसक्दा पनि सङ्ग्रहालयसम्बन्धीको कानुन बन्न सकेको छैन । यसको अभावमा नेपालको इतिहास, संस्कृति, सम्पदा र राष्ट्रिय गौरव र चिनारी विश्वमा फैलाउने तथा आम्दानीको रुपमा समेत विकास गर्ने अवसर नेपालले गुमाइरहेको छ । युनेस्कोले सङ्ग्रहालयलाई सिर्जनशील अर्थतन्त्रको महत्वपूर्ण धरोहर मानेको छ । नेपालले पनि आर्थिक लाभको सम्भावनालाई कानुन, संस्थागत संरचना, अनुगमन, सहजीकरण र तथा मापदण्ड बनाई व्यवस्थापन गरी सिर्जनशील अर्थतन्त्रको बलियो खम्बाका रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

**अबको बाटो**

सङ्ग्रहालय स्थायी र सार्वजनिक संस्था भएकाले यसका केही विश्वव्यापी मान्यताहरु छन् । ती मान्यतालाई समेत ख्याल गर्दै हाम्रा सबै सङ्ग्रहालयको उद्देश्य, प्रकार, जनशक्ति, लगानी, भवन डिजाइन, सुरक्षा, आगन्तुक लगायतका आधारभूत कुराको स्पष्ट भई यी विश्वव्यापी मान्यता सुनिश्चित गर्नु अनिवार्य हुन्छ । तर अहिले स्थापना भएका अधिकांश सङ्ग्रहालयले न्यूनतम मान्यता पूरा गरेको देखिँदैन न त त्यसको आधार तोक्ने र परीक्षण गर्ने निकाय नै छ । यही कारण नयाँ सङ्ग्रहालयहरु कुनै मापदण्डलाई आधार मानेरभन्दा पनि आफ्नो अनुकूलताअनुसार खुलेका छन् । कतिपयले ग्यालरीलाई पनि सङ्ग्रहालय भनिरहेका छन् । जबसम्म सङ्ग्रहालयसम्बन्धी कानुनमार्फत सङ्ग्रहालय स्थापना, सञ्चालन, सुरक्षा लगायतका आधारभूत पक्षलाई राष्ट्रिय मापदण्डबाट निर्दिष्ट गरिँदैन, तबसम्म सङ्ग्रहालयको समस्या र अन्योलता बढेर जानेछ।

यदि अहिले नै सङ्ग्रहालयका लागि संविधान र संस्कृति नीतिले परिकल्पना गरेबमोजिमको कानुन निर्माण गरी त्यसको मापदण्डसमेत बनाउन आवश्यक छ । सोही मापदण्डका आधारमा सङ्ग्रहालयको अनुगमन र सहजीकरण समेत गर्नका लागि एक विशिष्ट निकाय आवश्यक पर्छ । त्यस निकायले मापदण्ड अनुपालनको सुनिश्चित गर्न अनुगमन गर्ने, अनुमति दिने र साना तथा स्थानीय सङ्ग्रहालयहरुलाई आर्थिक लगानी गर्ने कोषसमेत निर्माण गरेमा सङ्ग्रहालयलाई व्यवस्थित गर्न सकिन्छ । यो कार्य जति ढिला हुन्छ, सङ्ग्रहालय क्षेत्रमा त्यति नै समस्या थपिँदै जानेछ।

सङ्ग्रहालयलाई अन्योलतातर्फ जानबाट रोक्न र यसको सम्भावनाबाट अधिकतम लाभ लिन नयाँ राष्ट्रिय सङ्ग्रहालय नीति, सङ्घीय सङ्ग्रहालय ऐन र संस्थागत संरचना आवश्यक छ । यसो गर्न सकेमा सङ्ग्रहालयलाई इतिहास, संस्कृति, सम्पदाको विकास केन्द्रसँगै दिगो विकास र सामाजिक रूपान्तरणको आधार बनाउन सकिनेछ । रासस

# महिला 'भलमन्सा' राजकुमारीको सङ्घर्षपूर्ण कथा

**इन्द्राकुमारी केसी/रासस**



**कैलाली।**

घोडाघोडी नगरपालिका–१० आमखोइया शिविरकी ५१ वर्षीया राजकुमारी चौधरी लगातार 'भलमन्सा' चुनिनुभएको पाँच वर्ष पूरा भएको छ । थारु समुदायले हरेक वर्षको माघीका दिन गाउँको नेतृत्व गर्न भलमन्सा चुन्ने गर्छन्।

पुरुषप्रधान समाजमा महिलाले नेतृत्व लिनु सजिलो छैन । थारु गाउँमा धेरै जसो भलमन्सा पुरुष हुने गर्छन् । महिला भलमन्सा भएकै कारण राजकुमारीले धेरै अपमान सहनुप¥यो । गाउँलेले भलमन्सा चुनेपछि राजकुमारीका लागि काम गर्न पक्कै सहज थिएन । घरको काम पनि गर्नुपर्ने, बाहिर गाउँका समस्या समाधान गर्न पनि हिँड्नुपर्ने दोहोरो जिम्मेवारी थियो । 'घरभित्र र बाहिरको काम सँगसँगै गर्दा धेरै समस्या हुन्थ्यो,' उहाँले भन्नुभयो, 'भलमन्सा बनेपछि केही पुरुषले महिला भएकै कारण हेप्ने, अपमान गर्ने गरे । महिला भएर के भलमन्सा हुन्छे ? के काम गर्न सक्छे ? भन्ने तिरस्कारपूर्ण वचन पनि सुन्नुप–यो।'

अपमानमा मात्र सीमित रहेन, ज्यानै मार्नेसम्मको धम्की आयो । कलह र झगडा पनि भयो । तर ती सबै कुरालाई बेवास्ता गर्दै उहाँ रोकिनु भएन । गाउँका झगडा मिलाउन, समस्या समाधान गर्न दिनरात खटिनुभयो । परिवारको साथ र सहयोगले उहाँलाई जिम्मेवारी सम्हाल्न सहज भयो।

औपचारिक शिक्षाबाट समेत वञ्चित राजकुमारी भन्नुहुन्छ, 'एक कक्षा पनि पढ्न पाइनँ, छोरीलाई पढाउन हुँदैन भन्ने सोचका कारण माइतमा पनि मलाई विद्यालय पठाइएन ।' एक जना शिक्षकले 'स्कुल पठाइदिनुहोस्, निःशुल्क पढाउँछु' भनेर आग्रह गर्दा पनि बाजेले पढ्न नपठाएको बाल्यकालको घटना उहाँले अझै बिर्सनुभएको छैन।

शुरु–शुरुमा आफ्नो नाम भन्नसमेत उहाँलाई कठिन हुन्थ्यो । बोल्न डर लाग्थ्यो । तर समयसँगै आत्मविश्वास बढ्दै गयो । भलमन्सा छनोटका लागि शुरुमा उहाँको श्रीमान्लाई प्रस्ताव गरिएको थियो । 'तपाईँ भलमन्सा बन्नुहोस्, काम म गर्छु,' भनेर दुई वर्षसम्म श्रीमान्को नाममा राजकुमारीले काम गर्नुभयो । तेस्रो वर्षदेखि भने उहाँ आफैँ भलमन्सा चुनिनुभयो । अहिले घरमा एक्लै भएकाले जिम्मेवारी सम्हाल्न गाह्रो भएकाले भलमन्सा नदोहो–याउने सोच बनाएको उहाँ बताउनुहुन्छ । तर भलमन्सा भइसकेपछि उहाँको अनुभव र योगदान गाउँका लागि अमूल्य बनेको छ।

भलमन्साको जिम्मेवारीसँगै राजकुमारीले खेतीपाती, बङ्गुरपालनजस्ता काम पनि गर्दै आउनुभएको छ । समाजमा किन सधैँ महिलामाथि मात्र प्रश्न उठ्छ भन्ने सोचले उहाँलाई निरन्तर अघि बढायो । आज उहाँ आमखोइया शिविरकी भलमन्सा मात्र होइन, महिलाले पनि गाउँको नेतृत्व गर्न सक्छन् भन्ने उदाहरण बन्नुभएको छ।

भलमन्साको हैसियतले राजकुमारीले गाउँका साना–ठूला विवाद समाधान गर्ने, पारिवारिक झगडा मिलाउने, सामाजिक कलह नियन्त्रण गर्ने जिम्मेवारी निभाउँदै आउनुभएको छ । भल्मन्सा बनेकै वर्ष उहाँले गाउँमा बिजुली विस्तारको माग गर्नुभयो । जसका कारण गाउँमा विद्युत् सेवा पुगेको छ । सडकमा कल्भर्ट निर्माण, शौचालय निर्माणलगायतका पूर्वाधारसम्बन्धी कामहरू पनि उहाँको पहलमा सम्पन्न भएका छन् । कृषकका लागि बाख्रापालनजस्ता आयमूलक कार्यक्रम सञ्चालन गरिएको उहाँ बताउनुहुन्छ । राजकुमारीले स्थानीय महिलालाई एकजुट बनाउनुभएको छ । 'पुरुषहरू धेरै जसो रोजगारीका लागि बाहिर जान्छन्,' उहाँ भन्नुहुन्छ, 'के–के माग गर्ने भनेर हामी एकजुट हुन्छौँ र मिलेर काम पनि गर्छौं ।' योसँगै वडा कार्यालय, नगरपालिका, प्रहरी तथा अन्य सरोकारवाला निकायसँग समन्वय गरेर गाउँका समस्या समाधानका लागि पहल गर्दै आउनुभएको छ । गाउँलेका गुनासा, माग र पीडा सम्बन्धित निकायसम्म पु–याउनु उहाँको नियमित काम हो । उहाँले जात, लिङ्ग र वर्गका आधारमा हुने विभेद घटाउँदै सामाजिक एकता र सद्भाव कायम गर्न पनि भूमिका निर्वाह गर्दै आउनुभएको छ।

# चीनको अर्थतन्त्र २०२५ मा ५ प्रतिशतले वृद्धि

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएका आयात करहरूको दबाब हुँदाहुँदै पनि बलियो निर्यातका कारण चीनको अर्थतन्त्र सन् २०२५ मा वार्षिक पाँच प्रतिशतले विस्तार भएको छ । तर वर्षको अन्तिम त्रैमासिकमा भने आर्थिक वृद्धिदर सुस्तिँदै ४.५ प्रतिशतमा झरेको सरकारी तथ्याङ्कले सोमबार देखाएको छ।

सरकारका अनुसार यो सन् २०२२ को अन्त्ययताकै सबैभन्दा कमजोर त्रैमासिक वृद्धि हो । सन् २०२२ मा चीनले कडा कोभिड–१९ प्रतिबन्धहरू खुकुलो पार्न थालेको थियो । यसअघि तेस्रो त्रैमासिकमा अर्थतन्त्र ४.८ प्रतिशतले बढेको थियो । वार्षिक वृद्धिदर भने सरकारको 'करिब ५ प्रतिशत' को आधिकारिक लक्ष्यसँग मेल खान्छ।

अक्टोबरदेखि डिसेम्बरसम्मको त्रैमासिक अवधिमा अर्थतन्त्र १.२ प्रतिशतले विस्तार भएको छ । यस अवधिमा बलियो निर्यातले कमजोर उपभोक्ता खर्च र व्यापारिक लगानीको क्षतिपूर्ति गर्दै चीनलाई करिब १२ खर्ब अमेरिकी डलरको रेकर्ड व्यापार अधिशेषमा पु¥याएको छ।

रियल स्टेटको दीर्घ मन्दी र महामारीपछिको अवरोधले अर्थतन्त्रमा दबाब सिर्जना गरिरहेकाले चिनियाँ नेतृत्वले तीव्र वृद्धिलाई पुनः गति दिन प्रयास गरिरहेको छ । राष्ट्रपति ट्रम्प पुनः सत्तामा फर्किएपछि अमेरिकाले भन्सार शुल्क बढाउँदा चीनको अमेरिका–केन्द्रित निर्यात घटेको भए पनि बाँकी विश्वमा भएको ढुवानीले त्यसको असर कम गरेको छ । यद्यपि अमेरिकातर्फको निर्यात भने गत वर्ष करिब २० प्रतिशतले घटेको छ।

चीनबाट बढ्दो आयातका कारण केही अन्य देशहरूले आफ्ना स्थानीय उद्योग जोगाउन शुल्क बढाउने वा त्यसको तयारी गर्ने सङ्केत गरेका छन् । यद्यपि ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच व्यापार युद्धमा अस्थायी युद्धविराम विस्तार गर्ने सहमतिले निर्यातमाथिको दबाब केही कम भएको छ।

डच बैंक आइएनजीका ग्रेटर चीनका प्रमुख अर्थशास्त्री लिन सङले 'निर्यातमा आधारित वृद्धिको इन्जिन कति समयसम्म टिक्छ भन्ने नै मुख्य प्रश्न हो' भन्दै यदि थप अर्थतन्त्रहरूले चीनमाथि शुल्क बढाएमा अन्ततः कडा असर देखिन सक्ने चेतावनी दिनुभएको छ।

चिनियाँ नेताहरूले घरेलु माग बढाउन नीतिगत जोड दिँदै आए पनि यसको प्रभाव सीमित देखिएको छ । ऊर्जा–दक्ष सवारीसाधनका लागि पुराना गाडी साट्ने कार्यक्रम र घरेलु उपकरणमा दिइएका सब्सिडीहरू पछिल्ला महिनामा अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन् । बिएनपी परिबास एसेट म्यानेजमेन्टका वरिष्ठ रणनीतिकार ची लोका अनुसार घरेलु सम्पत्ति बजारको स्थिरताले मात्र जनविश्वास पुनःस्थापित भई उपभोग र निजी लगानी बढ्न सक्छ।

यसैबीच, कृत्रिम बौद्धिकता (एआई) र उन्नत प्रविधिमा लगानी चिनियाँ कम्युनिस्ट पार्टीको प्रमुख प्राथमिकता बनेको छ । तर सामान्य नागरिक र साना व्यवसायहरू भने रोजगारी र आम्दानीको अनिश्चितताका कारण कठिनाइमा छन् । गुइझोउ प्रान्तका ५३ वर्षीय नुडल रेस्टुरेन्ट सञ्चालक लिउ फेङ्ग्युनले 'अहिले पैसा कमाउन निकै गाह्रो छ' भन्दै ग्राहकहरू घरमै खाना पकाउन थालेको गुनासो गर्नुभयो।

चीनको नेसनल ब्युरो अफ स्ट्याटिस्टिक्सका प्रमुख काङ् यीले धेरै दबाबका बाबजुद सन् २०२५ मा अर्थतन्त्रले 'स्थिर प्रगति' कायम राखेको र जोखिम सामना गर्न पर्याप्त आधार रहेको बताउनुभयो । तर केही विश्लेषकहरू वास्तविक वृद्धि आधिकारिक तथ्याङ्कभन्दा कम भएको अनुमान गर्छन् । रोडियम ग्रुपले गत वर्षको वृद्धि २.५ देखि ३ प्रतिशत मात्र हु सक्ने आँकलन गरेको थियो।

सरकारी तथ्याङ्कअनुसार चीनको अर्थतन्त्र २०२४ मा ५ प्रतिशत र २०२३ मा ५.२ प्रतिशतले बढेको थियो । आगामी वर्षहरूमा भने वृद्धि दर थप सुस्त हुने अपेक्षा गरिएको छ । डाएचे बैंकले सन् २०२६ मा चीनको अर्थतन्त्र ४.५ प्रतिशतले मात्र विस्तार हुने अनुमान गरेको छ।

विश्लेषकहरूका अनुसार सामाजिक स्थिरताका लागि स्थिर आर्थिक वृद्धि चीनका नेताहरूको मुख्य प्राथमिकता हो । सन् २०३५ सम्म प्रतिव्यक्ति २० हजार अमेरिकी डलर कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को लक्ष्य हासिल गर्न चीनले दीर्घकालसम्म करिब ४ देखि ५ प्रतिशत वार्षिक वृद्धि कायम राख्नुपर्ने एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटका फेलो नील थोमसले बताउनुभयो । एपी

## प्रतिनिधिसभा निर्वाचनः
# मनोनयनपत्र दर्ताको तयारी पूरा



**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्न तयारी पूरा भएको छ । देशभरका ८८ मुख्य निर्वाचन अधिकृतका कार्यालय र ८८ निर्वाचन अधिकृतका कार्यालयमा सबै तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । मुलुकभरका १६५ वटै निर्वाचन अधिकृतका कार्यालयमा उम्मेदवारको नाम मतदाता नामावलीमा छ, छैन भनी रुजु गर्न आवश्यक सामग्री पुगिसकेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए।
उनले यसपटक आयोगले आचारसंहितामै उल्लेख गरेर उम्मेदवारले सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था गरेको र उक्त विवरण खामबन्दी गरी बुझाउनुपर्ने बताए।
आचारसंहिता पालना गर्छु, कानुनले अयोग्य ठहराएमा उम्मेदवारी रद्द हुँदा पनि मञ्जुर छ, निर्वाचन कानुनसम्बन्धी सबै व्यवस्थाको पालना गर्छु, जस्ता विषय उम्मेदवारले स्वघोषणामा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने छ सहायक प्रवक्ता जिसीले बताए।

**उम्मेदवारीसँगै १३ प्रकारका कागजात पेस गर्नुपर्ने**

उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि यही मङ्गलबार हुने मनोनयनपत्र दर्ता गर्दा उम्मेदवारको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा मतदाता परिचयपत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए।
उम्मेदवारी दिँदा सङ्घीय, प्रदेश वा स्थानीय सरकार तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले सुनाए।
उम्मेदवारले प्रतिनिधि तोकी मनोनयनपत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नुपर्नेछ।
यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयनपत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ।
दलको तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्नेछ । एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी दलहरूको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्ने आयोगले जनाएको छ । निर्वाचन अधिकृतको कार्यालयमा रु १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्नेछ। महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले जानकारी दिए। विपन्नका हकमा स्थानीय तहले आर्थिक रूपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्नेछ।
उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैंक तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ।
निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको व्यक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको ब्यहोराको निस्सासमेत संलग्न गर्नुपर्नेछ । लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुलउपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धता पत्र पनि समावेश गर्नुपर्ने आयोगले आजै जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

**यस्तो छ निर्वाचन कार्यक्रम**

मङ्गलबार बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म १६५ वटै निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारले मनोनयनपत्र दर्ता गर्ने कार्यक्रम रहेको छ। बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ।
माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ भने माघ ७ गते दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने आयोगले जनाएको छ। यसैगरी माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको प्रवक्ता भट्टराईले बताउनुभयो । रासस

# एमाले चुनावमा होमिन्छः ओली



**झापा।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रमा विश्वास गर्ने पार्टी भएकाले नेकपा एमाले जुनसुकै अवस्थामा पनि चुनावमा होमिने बताएका छन् । प्रतिनिधिसभा सदस्यको निर्वाचन सन्दर्भमा सोमबार गृहजिल्ला झापा पुगेका ओली चन्द्रगढी विमानस्थलमा
सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उक्त धारणा व्यक्त गरेका हुन्।
शान्तिसुरक्षाको अवस्था राम्रो बन्नुपर्छ उनले भने, 'हामी जुनसुकै अवस्थामा पनि चुनावमा भाग लिन्छौँ ।' निर्वाचन शान्तिपूर्ण, भयरहित र निष्पक्ष रुपमा सम्पन्न हुनुपर्ने उनले आग्रह गरे । सोमबार उनी काठमाडौँबाट चन्द्रगढी विमानस्थलमा आइपुग्दा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टीका जिल्ला अध्यक्ष प्रेम गिरीलगायत कार्यकर्ताले स्वागत गरेका थिए।
आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन कार्यतालिकाअनुसार यही माघ ६ गते उम्मेदवारहरूको मनोनयन दर्ता हुनेछ । अध्यक्ष ओली झापा निर्वाचन क्षेत्र नं ५ मा आफ्नो उम्मेदवारी दर्ताका लागि आएको जिल्ला अध्यक्ष गिरीले बताए।
पार्टीले निर्वाचन सन्दर्भमा आयोजना गर्ने कार्यकर्ता भेला र बैठकहरूलाई अध्यक्ष ओलीले सम्बोधन गर्ने समेत कार्यक्रम रहेको उनले बताए । गत भदौमा जेनजी आन्दोलनका कारण प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि अध्यक्ष ओली गृहजिल्लामा पहिलोपल्ट आएका हुन्। रासस

# सुविधासम्पन्न भक्तपुर अस्पताल भवन बन्दै



भक्तपुर।
बागमती प्रदेश सरकारको सहयोगमा भक्तपुर अस्पताल परिसरमा आधुनिक एवं सुविधासम्पन्न नयाँ भवन बन्ने भएको छ । भक्तपुर अस्पताल स्थापना भएको १२१ वर्षपछि प्रदेश सरकारबाट प्राप्त हुने रु ६२ करोडको लागानीमा नयाँ भवन बन्न लागेको हो । सेवा प्रवाहका हिसावले विगत तीन वर्षदेखि प्रदेशस्तरमा उत्कृष्ट बन्न सफल सो अस्पतालको नयाँ भवन निर्माण भएपछि विशेषगरी काठमाडौँ उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोकसहित पूर्वका जनतालाई राहत मिल्ने बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए।
स्वास्थ्यमन्त्री थापाले भने, 'बागमती प्रदेश सरकारको प्राथमिकतामा रहेको भक्तपुर अस्पतालको भवन निर्माणको काम सुनिश्चित भएको छ। भक्तपुर अस्पताललाई बागमती प्रदेशकै नमूना अस्पताल बनाउने उद्देश्यले मिहेनतका साथ बजेट सुनिश्चित गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत पारित गरेका छौँ, अब गुणस्तरमा सम्झौता नगरी तोकिएको समयभित्रै नयाँ भवन निर्माण गर्नेतर्फ हामी सबैको ध्यान जान आवश्यक छ।'
उनले अस्पतालको नयाँ भवन वातावरण एवम् प्रविधि मैत्री, भूकम्प प्रतिरोधी ढाँचामा अन्तरराष्ट्रिय मापदण्डअनुसार भक्तपुरको पुरानो एवं परम्परागत शैलीमा भवन निर्माण गरिने छ । बिरामी र सेवाग्राहीलाई सहज हुनेगरी अस्पतालको नयाँ भवनमा प्रतीक्षालय, अपाङ्गमैत्री संरचना, लिफ्ट, पार्किङ तथा हरित क्षेत्रको समेत व्यवस्था गरिने भएको जानकारी दिँदै उनले भवन निर्माणसँगै अस्पतालमा मुटु तथा न्यूरोसम्बन्धी विशेषज्ञ सेवासमेत विस्तार गरिने योजना रहेको बताए।
प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले सेवाग्राहीको चापसहित गुणस्तरीय सेवा प्रदान गर्दै आएको बागमती प्रदेशस्थित भक्तपुर अस्पतालको भवन पुरानो भएकाले सुविधासम्पन्न नयाँ बनाउन लागेको बताए । उनले भवन निर्माण प्रक्रियामा पारदर्शिता, गुणस्तर र जवाफदेहितामा कुनै सम्झौता नहुने स्पष्ट गरे।
बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले नयाँ निर्माण हुने प्रदेश अस्पताल भवनमा अत्याधुनिक एवं आकस्मिक, आइसियु र एनआइसियु कक्ष, प्रसूति तथा स्त्री रोग विभाग, सर्जरी ब्लक, आधुनिक प्रयोगशाला, डिजिटल एक्स–रे, सिटी स्क्यान, एमआरआई, मुटु तथा न्यूरो सेवा सञ्चालन हुने जानकारी दिए।
स्वास्थ्य सचिव डा गौतमले भने, 'अस्पतालको डिपिआरअनुसार निर्माणकार्य चरणबद्ध रूपमा अघि बढाइनेछ, निर्धारित समयभित्रै भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
स्थानीय जनप्रतिनिधि, अस्पताल व्यवस्थापन समिति र स्वास्थ्यकर्मीले यस योजनालाई ऐतिहासिक उपलब्धिका रूपमा लिँदै नयाँ भवन निर्माणपछि भक्तपुर अस्पताल प्रदेशकै प्रमुख 'रेफरल' अस्पतालको रूपमा स्थापित हुने विश्वास लिएका छौँ।'
अस्पतालका कार्यकारी निर्देशक डा सुरेन्द्र भट्टले बागमती प्रदेशका मन्त्री तथा सचिव सम्मिलित उच्चस्तरीय पदाधिरीहरूसँग भवनको वास्तुकलात्मक डिजाइन, सेवा विस्तारको खाका, लागत व्यवस्थापन, निर्माण प्रक्रिया र समयसीमा लगायतका विषयवस्तुबारे छलफल भएको जानकारी दिए।
डा भट्टले नयाँ जमिन नभएपछि अस्पतालको हाल प्रशासन र अन्तरङ्ग सेवा सञ्चालन भइरहेको पुरानो भवन र भवनसँगै रहेको जग्गामा नयाँ भवन निर्माण गर्न लागेको बताए। रासस


## चिसो मौसममा कसरी सुरक्षित रहने ?

**चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन्। निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔँ।**

**न्यानो कपडा अनिवार्य लगाऔँ**
टोपी, मोजा, पञ्जा, स्वेटर तथा ज्याकेट प्रयोग गरी शरीर ढाकेर राख्नुपर्छ। टाउको, हातखुट्टा न्यानो राख्दा चिसोको असर कम हुन्छ।

**बिहान र बेलुका अत्यधिक चिसोमा बाहिर ननिस्किऔँ**
घाम ननिस्केको बेला अनावश्यक बाहिर नजानु राम्रो हुन्छ, विशेषगरी बालबालिका र जेष्ठ नागरिकका लागि।

**तातो तथा पौष्टिक खानेकुरा सेवन गरौँ**
तातो दूध, सूप, झोलिला परिकार, अदुवा, लसुन तथा पर्याप्त पानी सेवन गर्दा शरीर तातो र प्रतिरोधात्मक क्षमता बलियो हुन्छ।

**धुवाँ र चिसो हावाबाट जोगिऔँ**
घरभित्र हावा पस्ने राम्रो व्यवस्था राख्नुपर्छ। बन्द कोठामा कोइला, दाउरा वा आगो बाल्दा विषालु ग्यासको जोखिम हुन्छ।

**आगो बाल्दा पूर्ण सावधानी अपनाऔँ**
सुत्दा आगो नबाल्ने, आगो नजिक बालबालिका नछोड्ने र कपडाबाट आगो टाढा राख्ने।

**नियमित स्वास्थ्य जाँच गरौँ**
ज्वरो, खोकी, दम, छाती दुखाइ, टाउको दुखाइ वा उच्च रक्तचाप जस्ता लक्षण देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

**बालबालिका र जेष्ठ नागरिकलाई विशेष ध्यान दिऔँ**
उनीहरूलाई न्यानो राख्ने, तातो खाना खुवाउने र चिसो पानी प्रयोग नगर्ने।

**जनचेतना फैलाऔँ**
आफ्नो परिवार, छिमेकी तथा समुदायमा चिसोबाट बच्ने उपायको जानकारी बाँडौँ।

"चिसो मौसममा सचेत बनौँ, स्वास्थ्य सुरक्षित राखौँ।"
स्वस्थ नागरिक — समृद्ध समाज।

जनहितमा जारी सन्देश
गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश, नेपाल


# हिंसाविरुद्ध नीति निर्माण गर्दै स्थानीय तह

**नेपालगन्ज।**
बाँकेका दुई स्थानीय तहले महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणका लागि नीति निर्माणको तयारी गरेका गरेका छन् । महिला तथा बालवालिकाविरुद्ध हुने हिंसा सम्बोधनका लागि पत्रकारसँगको छलफलमा ती स्थानीय तहले हिंसाविरुद्धको नीति तयार गरिरहेको जानकारी गराएका हुन्।
नेपालगन्ज
उपमहानगरपालिकाका महिला विकास शाखा प्रमुख पवित्रा गिरीले स्थानीय तहले निर्माण गरेको नीतिको मस्यौदा नेपालगन्ज
उपमहानगरपालिकाको
कार्यपालिकालाई केही दिनमा नै हस्तान्तरण गर्ने तयारी भइरहेको उल्लेख गर्दै यसबाट महिलामाथि हुने यौनजन्य दुव्र्यहार कम हुने विश्वास व्यक्त गरिन् । उनले लैङ्गिक समानताका आधारमा व्यवहार रुपान्तरण गर्न समेत यौन दुव्र्यहार निवारण आचारसंहिताले सघाउ पुऱ्याउनेमा जोड दिँदै यसलाई कार्यपालिका बैठकबाट पास गरेर चाँडै लागू गरिने जानकारी दिइन्।
जानकी गाउँपालिकाले महिलामाथि हुने हिंसा निवारणका लागि स्थानीय रूपमा 'हेल्प डेस्क' स्थापना गरेको छ। पीडित महिलालाई न्यायमा पहुँच वृद्धि गर्न संयन्त्रको विकास गर्न पालिकाले थालेको हो। महिला र कानुन विकास मञ्चका कार्यकारी अधिकृत सविन श्रेष्ठले पीडित महिलाका लागि हिंसा निवारण हुने कानुन सबै स्थानीय तहले निर्माण गर्नुपर्ने बताए । उनले बाँकेबाहेक बर्दियामा पनि कानुन निर्माण गरेर स्थानीय तहले महिला हिंसाविरुद्ध काम गरेको उल्लेख गरे।
वरिष्ठ अधिवक्ता सुनिल श्रेष्ठले महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्यमा जोड दिँदै कतिपय वैवाहिक बलत्कारका मुद्दा पनि बाँकेमा आएको जानकारी दिए । सो कार्यक्रममा बर्दियाको बढैयाताल गाउँपालिकाका अध्यक्ष हिमालय त्रिपाठी, बाँकेको खजुरा गाउँपालिकाका उपप्रमुख मञ्जु मल्ल लगायतले महिलामाथि हुने हिंसा अन्त्यका लागि स्थानीय तह चनाखो भएको बताए।
महिला तथा बालिकाविरुद्ध हुने हिंसा प्रभावित महिला तथा बालिकालाई छिटो, छरितो र प्रभावकारी रुपले मनोसामाजिक परामर्श सेवा, सुरक्षा र संरक्षण, चिकित्सा सेवा एवं सहायता तथा कानुनी सेवा, सीपमूलक तालिम तथा आयआर्जनमा सहयोग, शिक्षामा सहयोग, दुव्र्यसनी पुनःस्थापनाका साथै पारिवारिक तथा सामाजिक पुनः मिलन, पुनः एकीकरणमा सहयोग पुऱ्याउनका लागि स्थानीय तहले कार्यविधि, निर्देशिका र कानुन निर्माण गरेको जनाएका छन्।
महिला, कानुन र विकास मञ्च काठमाडौँको सहयोगमा सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जको प्राविधिक सहयोगमा कार्यविधि मस्यौदा तयार गरिएको अनुसन्धान केन्द्रका अध्यक्ष विश्वजित तिवारीले जानकारी दिए । बाँकेका तीन र बर्दियाको एक स्थानीय तहले उक्त कार्यविधिलाई बोर्ड बैठकबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ।
बाँकेको नेपालगन्ज उपमहानगरपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र बर्दियाको बढैयाताल गाउँपालिकामा यससम्बन्धी कानुन निर्माण भएका छन्। रासस

# स्पेनः उच्चगति रेल दुर्घटनामा २१ जनाको मृत्यु



**अदामुज।**
दक्षिणी स्पेनमा आइतबार साँझ एउटा उच्चगतिको रेल पटरीबाट खस्दै विपरीत दिशाबाट आइरहेको अर्को उच्चगतिको रेलसँग ठोक्किँदा कम्तीमा २१ जनाको ज्यान गएको छ भने दर्जनौँ यात्रु घाइते भएका छन्। स्पेनका यातायातमन्त्री ओस्कार पुएन्टेले उद्दार कार्य सम्पन्न भइसकेको र मृतक संख्या मध्यरातपछि २१ पुगेको जानकारी दिएका छन्। यद्यपि अझै पुष्टि हुन बाँकी पीडित हुनसक्ने सम्भावना रहेको उनले बताए।

रेल अपरेटर आदिफका अनुसार करिब ३०० यात्रु बोकेको रेल साँझ ७:४५ बजे मालागाबाट म्याड्रिडतर्फ जाँदै गर्दा कोर्डोबा नजिकै अचानक पटरीबाट हटेको थियो। सो रेलको पछाडिको भाग उफ्रेर विपरीत दिशाबाट म्याड्रिडदेखि दक्षिणी सहर हुवेल्भातर्फ आइरहेको करिब २०० यात्रु बोकेको अर्को उच्चगतिको रेलसँग ठोक्किएको थियो। अन्डालुसिया क्षेत्रीय राष्ट्रपति जुआन म्यानुएल मोरेनोले ७५ यात्रुलाई अस्पताल भर्ना गरिएको जानकारी दिए। तीमध्ये धेरैलाई कोर्डोबा लगिएको छ र कम्तीमा १५ जना गम्भीर घाइते छन्। स्पेनिस रेड क्रसले दुर्घटनास्थल नजिकैको आदामुज सहरमा सहायता केन्द्र स्थापना गरी आपतकालीन सेवाहरू र आफन्तको खोजीमा रहेका मानिसहरूलाई सहयोग गरिरहेको छ।

सिभिल गार्ड, सिभिल डिफेन्स तथा अन्य उद्दार टोलीहरू चिसो र स्पष्ट रातभर भग्नावशेष हटाउने कार्यमा खटिएका छन्। घटनास्थलमा आपतकालीन सेवाबाहेक अरूलाई प्रवेश निषेध गरिएको थियो। क्षेत्रीय स्वास्थ्य प्रमुख एन्टोनियो सान्जले 'हाम्रो अगाडि निकै कठिन रात छ' भन्दै उद्दारकर्मीहरूले रातभर शव निकाल्ने कार्य जारी राख्ने बताए।

यातायातमन्त्री पुएन्टेले दुर्घटनाको कारण तत्काल पत्ता नलागेको र यसलाई 'साँच्चै अनौठो' घटना बताए। उनका अनुसार दुर्घटना मे महिनामै मर्मत गरिएको ट्र्याकको समतल भागमा भएको थियो। पटरीबाट खसेको रेल चार वर्षभन्दा कम पुरानो रहेको र निजी कम्पनी इरिओको भएको उनले जानकारी दिए। ठोक्किएको दोस्रो रेल भने सार्वजनिक रेल कम्पनी रेन्फेको थियो। इरिओले विज्ञप्ति जारी गर्दै घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै अधिकारीहरूसँग सहकार्य गरिरहेको जनाएको छ।

पुएन्टेका अनुसार पहिलो रेलको पछाडिको भाग उफ्रेर दोस्रो रेलको अगाडिको भागमा ठोक्किएको थियो, जसका कारण रेन्फे रेलका पहिलो दुई डब्बा ट्र्याकबाट करिब चार मिटर तल ढलानतर्फ खसेका थिए। सबैभन्दा ठूलो क्षति रेन्फे रेलको अगाडिको भागमा भएको बताइएको छ। दुर्घटनाको कारणबारे अनुसन्धानमा करिब एक महिना लाग्नसक्ने उनले बताए।

दुर्घटनामा परेको एउटा रेलमा सवार स्पेनिस प्रसारक आरटिभीईका पत्रकार साल्भाडोर जिमेनेजले 'एक क्षण भूकम्प जस्तो महसुस भयो र रेल साँच्चै पटरीबाट खस्यो' भनेर अनुभव सुनाए। उनका अनुसार यात्रुहरूले आपतकालीन हथौडा प्रयोग गरी झ्याल तोडेका थिए र धेरैले आफूलाई बाहिर निकाल्न सफल भएका थिए। घटनास्थलका भिडियोहरूमा मानिसहरू झुकेका डब्बाबाट झ्याल हुँदै बाहिर निस्किरहेको दृश्य देखिन्छ।

दुर्घटना साँझको समयमा आदामुज गाउँ नजिकै भएको र अन्धकारमै सयौँ यात्रुको उद्दार गर्नुपरेको थियो। कोर्डोबाका फायर फाइटर प्रमुख फ्रान्सिस्को कार्मोनाले कम्तीमा चारवटा डब्बा रेलबाट टाढा खसेको जानकारी दिए। क्षेत्रीय नागरिक सुरक्षा प्रमुख मारिया बेलेन मोया रोजासले दुर्घटनास्थल पुग्न गाह्रो क्षेत्रमा रहेको र स्थानीय बासिन्दाहरूले कम्बल तथा पानी लिएर सहयोग गरेको बताए। स्पेनको सैन्य आपतकालीन राहत एकाइहरू पनि उद्धारमा खटिएका थिए।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले सामाजिक सञ्जालमार्फत 'आज रात हाम्रो देशका लागि गहिरो दुःखको रात हो' भन्दै मृतकका परिवारप्रति समवेदना प्रकट गरेका छन्। राजा फेलिप छैटौँ र रानी लेटिजियाले पनि शोक सन्देश दिएका छन्। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले कोर्डोबाबाट आएको 'भयानक समाचार' ले आफूलाई स्तब्ध बनाएको बताउँदै स्पेनप्रति ऐक्यबद्धता व्यक्त गरेका छन्।

युरोपेली सङ्घ (इयु) का अनुसार स्पेनसँग तीन हजार १०० किलोमिटर लामो उच्चगति रेल सञ्जाल छ, जुन युरोपमै सबैभन्दा ठूलो हो। सन् २०२४ मा मात्रै दुई करोड ५० लाखभन्दा बढी यात्रुले उच्चगति रेल प्रयोग गरेको रेन्फेले जनाएको छ। दुर्घटनापछि म्याड्रिड र अन्डालुसियाबीचको रेल सेवा सोमबार स्थगित गरिएको आदिफले जनाएको छ। यस शताब्दीको सबैभन्दा घातक रेल दुर्घटना भने सन् २०१३ मा भएको थियो, जसमा ८० जनाको मृत्यु भएको थियो। रासस

# दक्षिण अफ्रिकाः सडक दुर्घटनामा १२ जनाको मृत्यु

**जोहानेसबर्ग।**
दक्षिण अफ्रीकाको जोहानेसबर्ग स्थित एक स्कुलका विद्यार्थीहरू बोकेको मिनीबस ट्रकसँग ठोक्किएर दुर्घटना हँदा मिनी बसमा सवार १२ जना विद्यार्थीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुससार दुर्घटना जोहानेसबर्गबाट करिब ६० किलोमिटर दक्षिणमा रहेको औद्योगिक सहर भ्यान्डरबिजलपार्क नजिकै भएको हो।

मिनीबसका चालकले अन्य सवारी साधनलाई ओभरटेक गर्ने प्रयास गर्दा नियन्त्रण गुमाएर दुर्घटना भएको प्रहरीले जनाएको छ। एघार जना विद्यार्थीको घटनास्थलमै र अर्का एक जनाको अस्पतालमा मृत्यु भएको प्रान्तीय शिक्षा मन्त्री माटोम चिलोनेले पत्रकारहरूलाई बताएका छन्। उनले संलग्न बच्चाहरूको उमेर थाहा नभएको तर उनीहरू प्राथमिक विद्यालयका भएको उल्लेख गरेका हुन्।

सामाजिक सञ्जालमा राखिएका तस्बिरहरूले बिचलित आमा–बाबु प्रहरी परिषरको पछाडि भेला भएको सडक किनारमा कुचलिएको मिनीबस देखाइएको छ। यातायात मन्त्रालयको पछिल्लो तथ्याङ्क अनुसार सन् २०२५ मा दक्षिण अफ्रिकाकोमा सडक दुर्घटनामा ११ हजार ४०० भन्दा बढीको ज्यान गएको थियो। अक्टोबरमा क्वाजुलु–नातालको राजमार्गमा मिनीबसले नियन्त्रण गुमाएर पल्टिँदा १८ जना बालबालिका घाइते भएका थिए।

सेप्टेम्बरमा क्वाजुलु–नाताल सहरमा एउटा स्कुलको मिनीबस एउटा क्रेचमा ठोक्किँदा कम्तीमा पाँच जना विद्यार्थीहरूको मृत्यु भएको थियो भने अन्य आठ जना घाइते भएका थिए। रासस

# सिरियामा शान्तिको सङ्केत



**सिरिया।**
सिरियाली सरकारले कुर्द नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्सेस (एसडीएफ) सँग युद्धविरामको घोषणा गरेको छ जसलाई देशको एकता र स्थायित्वतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। यस सम्झौतिपछि सरकारी सेनाले रक्का र देइर एजÞ–जोरलगायत रणनीतिक क्षेत्रहरूमा नियन्त्रण बढाएको छ भने एसडीएफले रक्तपात रोक्न ती क्षेत्रहरूबाट आफ्ना लडाकु फिर्ता गर्ने सहमति जनाएको छ। रक्षा मन्त्रालयले सम्झौतिसँगै सबै मोर्चामा तत्काल लडाइँ रोक्न आदेश दिएको छ।

यो युद्धविराम यस महिनाको सुरुआतमा पूर्वी अलेप्पो क्षेत्रमा सरकारी सेना र एसडीएफबीच भएको भीषण झडपपछि आएको हो। त्यस झडपले स्थिति थप तनावग्रस्त बनेको थियो र हजारौँ नागरिक विस्थापित भएका थिए। सम्झौता अघि दुबै पक्षले एकअर्कामाथि सहमति उल्लङ्घन गरेको आरोप लगाउँदै आएका थिए, जसका कारण मार्चमा भएको एकीकरण सम्झौता प्रभावकारी हुन सकेको थिएन।

राष्ट्रपति अहमद अल–शाराआले सम्झौतामा हस्ताक्षर गर्दै यसलाई सबै सिरियालीहरूको जित भएको बताए। उनले देशलाई विभाजन र द्वन्द्वबाट निकालेर एकता, सुरक्षा र विकासतर्फ लैजाने प्रतिबद्धता व्यक्त गरे। सम्झौतिअनुसार एसडीएफलाई क्रमशः विघटन गरी उसका लडाकुहरूलाई सिरियाली सेना र सुरक्षा निकायमा समाहित गरिनेछ भने उसका वरिष्ठ अधिकारीहरूलाई राज्य संरचनामा जिम्मेवारी दिइनेछ।

अमेरिकी दूत टम बाराकले यो सम्झौताले एकीकृत सिरियातर्फ संवाद र सहकार्यको नयाँ ढोका खोलेको बताएको छ। उनका अनुसार यो युद्धविराम दीर्घकालीन शान्ति स्थापना गर्ने दिशामा महत्वपूर्ण मोड हो। यसैबीच, रक्का शहरमा सरकारी सेनाको प्रवेशपछि स्थानीय बासिन्दाहरूले उत्सव मनाएका छन् भने कुर्द बहुल क्षेत्र कामिश्लीमा भने सम्झौताप्रति आशा र आशङ्का दुवै देखिएको छ। रासस

# परम्परागत सीपको संरक्षण गर्न राडीपाखी बुन्ने तालिम



**भोजपुर।**
परम्परागत सीपको संरक्षण गर्दै स्थानीय महिलालाई आयआर्जनमा जोड्ने उद्देश्यका साथ भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले राडीपाखी बुन्ने तालिम सञ्चालन गरेको छ। हराउँदै जान थालेको भेडाको ऊनबाट राडीपाखी बनाउने पुर्खौली सीपको संरक्षण तथा पुस्तान्तरण गर्ने लक्ष्यसहित यो तालिम सञ्चालन गरिएको हो।

यही माघ ४ गतेबाट सुरु भएको तालिम फागुन ४ गतेसम्म सञ्चालन हुनेछ। एक महिनासम्म चल्ने तालिममा स्थानीय पाँचजना महिलाको सक्रिय सहभागिता रहेको गाउँपालिकाले जनाएको छ। तालिममा भेडाको ऊन प्रशोधनदेखि लिएर परम्परागत ढाँचामा राडीपाखी बुन्नेसम्मका सीप व्यवहारिक रुपमा सिकाइने छ।

स्थानीय सीपको प्रवद्र्धन गर्दै आर्थिक र पर्यटनसँग जोडेर भेडापालक किसानलाई हौसला प्रदान गर्ने लक्ष्यसहित तालिम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष सरोज बस्नेतले जानकारी दिए। राडीपाखी उत्पादनलाई पर्यटक लक्षित सामग्रीका रूपमा विकास गर्न सकिने भएकाले भेडापालन र स्थानीय उत्पादन प्रवद्र्धनमा तालिमले महत्वपूर्ण टेवा पुग्ने अध्यक्ष बस्नेतको भनाइ छ।

'हामीले परम्परागत राडीपाखी बुन्ने सीपको संरक्षण गर्दै यसलाई आर्थिक उपार्जन र पर्यटनसँग जोड्ने योजना बनाएका छौँ,' अध्यक्ष बस्नेतले भने, 'यसले स्थानीय महिलाको रोजगारी सिर्जना गर्नुका साथै भेडापालनप्रति आकर्षण बढाउने विश्वास लिएका छौँ।'

उनका अनुसार मुन्दुम पदमार्ग क्षेत्र टेम्केमेयुङको प्रमुख पर्यटकीय आकर्षणको रूपमा विकसित हुँदै गएको छ। सो पदमार्ग आसपास हाल करिब ११ वटा भेडीगोठ सञ्चालनमा रहेका छन्। गाउँपालिका उपाध्यक्ष रमादेवी राईका अनुसार पुर्खौली रुपमा गर्रिंदै आएको भेडापालन पेसाबाट उत्पादन हुने ऊनको स्थानीयस्तरमै प्रयोग बढाउने र यसमा संलग्न किसानको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको हो। तालिमले परम्परागत सीपको संरक्षणसँगै सीपको पुस्तान्तरणमासमेत सहयोग पुर्‍याउने उनीको भनाइ छ।

राडीपाखी किरात समुदायको संस्कार, संस्कृति र पहिचानसँग गहिरो रूपमा जोडिएको वस्तु भएकाले यसको संरक्षण आवश्यक रहेको उपाध्यक्ष राईको भनाइ छ। स्थानीय महिलालाई सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउँदै सांस्कृतिक सम्पदाको संरक्षण गर्न तालिमले टेवा पुग्ने उनको भनाइ छ।

गाउँपालिकाले आगामी दिनमा तालिममा सहभागी महिलालाई उत्पादित राडीपाखीको बजारीकरण, प्रदर्शनी तथा पर्यटनसँग जोड्ने कार्यक्रमसमेत अघि बढाउने तयारी गरेको छ। यसले स्थानीय सीप, संस्कृति र अर्थतन्त्रलाई एकसाथ मजबुत बनाउने सहयोग पुग्ने गाउँपालिकाले जनाएको छ। रासस

# छ महिनामा १७ अर्ब ४३ करोड राजस्व सङ्कलन



**बागमती।**
चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा बागमती प्रदेश सरकारले वार्षिक लक्ष्यको २५ दशमलव ८४ प्रतिशत अर्थात् रु १७ अर्ब ४३ करोड ५८ लाख ७७ हजार राजस्व सङ्कलन गरेको छ।

घरजग्गा रजिष्ट्रेसन (मालपोत) र सवारीसाधन कर प्रदेश सरकारको राजस्व सङ्कलनको मुख्य आयस्रोत मानिन्छ। दुबै शीर्षकसहित बाँडफाँड आर्थिक वर्ष २०८२/८३ मा रु ३० अर्ब ८९ करोड ११ लाख ८९ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएकामा साउन महिनादेखि पुस महिनासम्ममा लक्ष्यको ३१ दशमलव ४८ प्रतिशत अर्थात् रु नौ अर्ब ७२ करोड ५० लाख २८ हजार राजस्व सङ्कलन भएको बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत केशव भण्डारीले जानकारी दिए।

उनका अनुसार चालु आव २०८२/८३ मा घरजग्गा रजिष्ट्रेसन शीर्षकबाट रु सात अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकमा छ महिनाको अवधिमा रु दुई अर्ब एक करोड ६६ लाख ९० हजार राजस्व सङ्कलन भएको छ। यस्तै प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट पर्मिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरणअन्तर्गत सवारी कर शीर्षकबाट आव २०८२/८३ मा रु आठ अर्ब २५ करोड अनुमान गरिएकामा पुस महिनासम्ममा रु दुई अर्ब ६३ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन गरेको छ।

यस्तै प्रदेश सरकारले बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि करबापत रु आठ अर्ब ७९ करोड ८६ लाख ६७ हजार प्राप्त हुने अनुमान गरिएकामा सो अवधिसम्ममा रु तीन अर्ब ६९ करोड ५४ लाख ९० हजार सङ्कलन भएको छ भने अन्तःशुल्क करबापत रु चार अर्ब तीन करोड ७९ लाख नौ हजार प्राप्त हुने अनुमान गरिएकामा रु एक अर्ब २८ करोड १० लाख ८२ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदानअन्तर्गत रु १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकामा छ महिनाको अवधिमा त्यसको ३८ दशमलव ७८ प्रतिशत अर्थात् रु पाँच अर्ब ७४ करोड ७५ लाख ३० हजार प्राप्त भएको अधिकृत भण्डारीले बताए।

यस्तै चालु आव २०८२/८३ मा प्रदेश सरकारको आन्तरिक स्रोतबाट सङ्कलित राजस्वबाट रु चार अर्ब ७७ करोड ७४ लाख २५ हजार प्राप्त हुने अनुमान गरिएकामा छ महिनाको अवधिमा लक्ष्यको ३९ दशमलव १९ प्रतिशत अर्थात् रु एक अर्ब ८७ करोड २२ लाख ४५ हजार प्राप्त भएको मन्त्रालयले जनाएको छ।

आर्थिक तरलताका कारण घरजग्गा तथा नयाँ सवारी साधन खरिद–बिक्री कारोबारमा आएको कमी, गत भदौ २३ र २४ गते भएको जेजनी आन्दोलनका क्रममा प्रदेश सरकारको राजस्व सङ्कलन गर्ने विभिन्न निकायमा पुगेको क्षतिलगायत कारणले अपेक्षाकृत राजस्व सङ्कलन हुन नसकेको उहाँको भनाइ छ। रासस



# बागमती प्रदेश सभाका छ जना सदस्यद्वारा राजीनामा




**बागमती ।**
बागमती प्रदेश सभाका छ जना सदस्यले प्रदेशसभा सदस्यले पदबाट राजीनामा दिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी मनोनयन दर्ता गर्न उनीहरुले प्रदेशसभा सदस्य पदबाट सोमबार राजीनामा दिएका हुन् । प्रतिनिधिसभा सदस्यका लागि भोलि उम्मेदवारी मनोनयन दर्ता हुँदैछ ।

सोमबार साँझसम्म नेपाली कांग्रेसका कुन्दनराज काफ्ले, नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अमनकुमार मास्के र प्रकाश श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका युवराज दुलाल र बसन्तप्रसाद मानन्धर तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सुनिल केसीले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए ।

काफ्लेले प्रदेशसभा सचिवालयमै पुगेर उपसभामुख अप्सरा चापागाईलाई राजीनामा बुझाएका छन् भने प्रदेशसभा सदस्य मास्के, श्रेष्ठ, दुलाल, मानन्धर र केसीले प्रदेशसभा सचिवालयको इमेलमार्फत राजीनामा पठाएको सचिव पौडेलले बताए । राजीनामा दिएका मास्के प्रतिनिधिसभा सदस्यका लागि नेकपा एमालेको तर्फबाट काठमाडौँ क्षेत्र नम्बर ६ मा टिकट पाएका छन् ।

यसैगरी दुलाल नेपाली कम्युनिष्ट पार्टीबाट सिन्धुपाल्चोक क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यका लागि टिकट पाएका हुन् ।

प्रदेशसभा सदस्यहरुको राजीनामा पत्र सचिवालयमा आइसकेको र दर्ता गरी स्वीकृत प्रक्रिया अघि बढेको सचिव पौडेलको भनाइ छ ।रासस

# सिरहामा ५३१ मतदान केन्द्र कायम चार लाख ५३ हजार मतदाता

**सिरहा ।**
आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिरहामा चार लाख ५३ हजार ६४५ मतदाता र ५३१ मतदान केन्द्र कायम गरिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालय सिरहाका अनुसार जिल्लाका चारवटा सङ्घीय निर्वाचन क्षेत्रअन्तर्गत पर्ने स्थानीय तहहरूमा निर्वाचनको तयारी तीव्र पारिँदै मतदाता र मतदान केन्द्रको अन्तिम संख्या टुङ्गो लगाइएको हो ।

निर्वाचन आयोगले अद्यावधिक गरेको पछिल्लो तथ्याङ्कअनुसार निर्वाचन क्षेत्र नं १ मा ५८ हजार ८५५ पुरुष र ५३ हजार ९४ महिला गरी कूल एक लाख ११ हजार ९४९ मतदाता र १३० मतदान केन्द्र रहेका छन् ।

निर्वाचन क्षेत्र नं २ मा ६२ हजार ६५२ पुरुष, ५३ हजार १०६ महिला र दुई अन्य गरी कूल एक लाख १५ हजार ७६० मतदाता र १३६ मतदान केन्द्र कायम गरिएको छ ।

क्षेत्रगत विवरणअनुसार निर्वाचन क्षेत्र नं ३ मा ६३ हजार ३९१ पुरुष र ५५ हजार ८५९ महिला गरी कूल एक लाख १९ हजार २५० मतदाता र १३६ मतदान केन्द्र तोकिएको छ भने ४ नं क्षेत्रमा ५६ हजार ७१७ पुरुष र ४९ हजार ९६९ महिलासहित एक लाख छ हजार ६८६ मतदाता र १२९ मतदान केन्द्र कायम गरिएको छ ।

सिरहाका मुख्य निर्वाचन अधिकृत डा. श्रीप्रकाश उप्रेतीका अनुसार निर्वाचनलाई व्यवस्थित बनाउन चारवटै क्षेत्रमा निर्वाचन अधिकृतका कार्यालयहरू सञ्चालनमा ल्याइएको छ ।रासस

# मतदानस्थलको अनुगमन

**म्याग्दी ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन–२०८२ का लागि जिल्लामा तयारी तीव्र पारिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, प्रशासन, सुरक्षा निकाय र राजनीतिक दलहरु चुनावको तयारीमा जुटेका हुन् । जिल्ला निर्वाचन अधिकारी बिमलप्रसाद गौतमले मतदानस्थल, मतदान केन्द्र छनोट, अन्तिम मतदाता नामावली कायम, अस्थायी मतदाता नामावली सङ्कलन, कर्मचारी र मतदान सामग्रीको व्यवस्थापनमा जुटेको जानकारी दिए । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि एक निर्वाचन क्षेत्र र छ स्थानीय तह रहेको जिल्लामा ८६ हजार तीन सय ९७ मतदाता छन् । ४२ हजार तीन सय ३२ जना पुरुष, ४४ हजार ६४ जना महिला र एक जना यौनिक तथा लङ्ैगिक अल्पसङ्ख्यक समुदायका मतदाता रहेका छन् ।

अघिल्लो चुनावको तुलनामा आगामी चुनावका लागि दुई सय ७७ जना मात्र मतदाता थपिएका हुन् । विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ८६ हजार एक सय २० जना मतदाता थिए । ८२ मतदानस्थल र एक सय २० मतदान केन्द्र कायम भएको छ । जिल्ला सुरक्षा समितिले भौगोलिक अवस्था र सुरक्षाका हिसाबले मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्य वर्गमा विभाजन गरिएको छ । १५ अति संवेदनशील, ५८ संवेदनशील र आठ सामान्य मतदानस्थल प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बताए । मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापा, प्रजिअ आचार्यलगायत सुरक्षा अधिकारीको टोलीले मतदानस्थलको अनुगमनलाई तीव्रता दिएका हुन् ।

निर्वाचन प्रहरीमा भर्ना हुनका लागि म्याग्दीमा एक हजार छ सय १९ जनाको आवेदन परेको प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले बताए । सोमबारदेखि निर्वाचन प्रहरी छनोट प्रक्रिया अघि बढाइने उनले बताए । म्याग्दीमा आठ सय ६१ जना निर्वाचन प्रहरी भर्ना गरिने भएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले चुनावको तयारीका विषयमा राजनीतिक दल र सरोकारवालासँग छलफल गरेको छ । जिल्ला न्यायाधीशसमेत रहेका मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले जिल्लाका सबै सरोकारवालाको सहयोगबाट म्याग्दीमा आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ र निपष्क्ष रुपमा सफल बनाइने बताए ।

जिल्लामा सबै पक्षसँग सहकार्य गरेर चुनावलाई स्वतन्त्र र निष्पक्ष वातावरणमा सम्पन्न गराउनका लागि हामी अघि बढेका छौँ उनले भने, 'सामूहिक प्रयत्नबाटनै चुनावलाई स्वच्छ र निष्पक्ष बनाउने राष्ट्रिय दायित्व पूरा हुनेछ' ।

**उम्मेदवार टुङ्गो**
जिल्लामा नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले प्रतिनिधिसभा सदस्यको उमेदवार टुङ्गो लगाएका छन् । एमालेले केन्द्रिय सदस्य हरिकृष्ण श्रेष्ठ र नेकपाले युवा नेता अर्जुन थापालाई उमेदवार बनाउने निर्णय गरेको हो ।

नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राप्रपालगायत राजनीतिक दलको उमेद्वार टुङ्गो लगाउन बाँकी छ । नेपाली कांग्रेसले जिल्ला सभापति खमबहादुर गर्बुजा (खम्बिर) र उपसभापति कर्णबहादुर भण्डारी (केबी) तथा रास्वपाले जिल्ला सभापति युवराज रोकाको नाम उमेदवारका लागि सिफारिस गरेका थिए । रासस

# सिमेन्ट उद्योगमा एक मजदूरको मृत्यु, एक घाइते

**दाङ ।**
लमही नगरपालिका–७ मा रहेको सम्राट सिमेन्ट उद्योगमा काम गर्ने क्रममा माटोको ढिस्कोले पुरिएर सोमबार एक मजदुरको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।

मृत्यु हुनेमा सोही नगरपालिका–७ कमानपुरका ३६ वर्षीय अरविन्द चौधरी रहेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।

घाइते हुनेमा वडा नं ७ हसनापुरका २७ वर्षीय शङ्कर चौधरी रहेका छन् ।

उद्योगमा पावर प्लान्टको काम भइरहेका बेला खनिएको ठूलो खाडलमा माटोको ढिस्को खस्दा दुईजना पुरिएका थिए । दुवै जनालाई उद्दार गरी लमही अस्पताल लगिएकामा अरविन्दको उपचारका क्रममा मृत्यु भएको र घाइतेको सोही अस्पतालमा सामान्य उपचारपछि शिक्षण अस्पताल कोहलपुर पठाइएको प्रहरी प्रमुख श्रेष्ठले जानकारी दिए ।रासस

# दुर्गा प्रसाईं पोखराबाट पक्राउ




**गण्डकी ।**
मेडिकल व्यवसायी दुर्गा प्रसाईँलाई प्रहरीले पोखराबाट पक्राउ गरेको छ । सोमबार दिउँसो पक्राउ परेका प्रसाईँलाई काठमाडौँ पठाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले जानकारी दिए । उनको मुद्दा काठमाडौँमा भएकाले उतै पठाउन लागिएको हो उनले भने । यसअघि आइतबार निर्वाचन आयोगले प्रसाईँलाई कारबाही गर्न माग गर्दै प्रहरीको साइबर ब्यूरोमा पत्राचार गरेको थियो । प्रसाईँले केही दिनअघि कांग्रेसको विशेष महाधिवेशन पक्षले आयोगलाई रु ५२ करोड बुझाएको आरोपसहित एक भिडियो सार्वजनिक गरेका थिए । सोही विषयमा आयोगले प्रसाईँलाई पक्राउ गरी अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिएको थियो ।रासस

# बनियाँले प्रदेशसभा सदस्यबाट दिए राजीनामा



**रुपन्देही ।**
लुम्बिनी प्रदेशसभा सदस्य कन्हैया बनियाँले पदबाट राजीनामा दिएका छन् । २०७९ सालको निर्वाचनमा रुपन्देही क्षेत्र नं ४ ९१० मा तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेपालबाट प्रदेशसभा सदस्यमा निर्वाचित बनियाँले सोमबार देखि लागू हुनेगरी राजीनामा दिएका हुन् । लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीसमक्ष राजीनामा पत्र बुझाएको उनले जानकारी दिए । राजीनामा दिएका बनियाँले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुपन्देही–४ बाट उम्मेदवारी दिने जानकारी दिए । पदमा हुँदा लुम्बिनी प्रदेश र सम्पूर्ण मर्चवारवासीको हितमा इमान्दारीपूर्वक कार्य गर्ने प्रयास गरेको छु उनले बताए ।रासस

# पूर्वराज्यमन्त्री उप्रेतीको निधन



**काठमाडौँ ।**
पूर्वराज्यमन्त्री गोविन्दनाथ उप्रेतीको सोमबार निधन भएको छ । काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका–८ स्थित घरमा ८२ वर्षको उमेरमा उनको निधन भएको हो । लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी रोगले ग्रसित उप्रेतीलाई उनको श्रीमतिको कोरोनाकालमा निधन भएपछि भतिजा विष्णुबहादुरले रेखदेख गर्दै आएका थिए ।

सोमबार बिहान ३ बजे उनको निधन भएको वडाध्यक्ष मोतीलाल तामाङले बताए । लामो समयदेखि वामपन्थी आन्दोलनमा समाहित भएका उनलाई मध्यपूर्वीय क्षेत्रमा 'रातो बाघ' ले परिचित थिए ।

तत्कालीन समयमा सांसद हुँदै श्रमराज्यमन्त्री भएको उप्रेतीले मालेबाट एकीकृत भएपछि एमालेको राजनीति गरेका थिए ।

एमाले फुटपछि (नेकपा) माले र त्यसपछि स्वतन्त्र जीवनयाजन गरेका उनले पछिल्ला वर्षमा तत्कालीन माओवादी केन्द्रमा रही वामपन्थी आन्दोलनमा सहभागी हुँदै आएका थिए । काभ्रेपलाञ्चोक र विशेष गरी कोशीपूर्वको विकासमा उनको ठूलो योगदान रहेको छ । सोमबार उनीप्रति श्रद्धाञ्जली सभा गरी आफन्तको आगमन पश्चात सोमबार दिउँसो दोलालघाटमा दाहसंस्कार गरिएको लामाले जानकारी दिए ।रासस

# भयमुक्त वातावरणमा निर्वाचन हुन्छः का.वा. आयुक्त



**काठमाडौँ ।**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा हुने बताएका छन् । मनोनयन दर्ताको पूर्वसन्ध्यामा सार्वजनिक अपिल गर्दै उनले निर्वाचनको विकल्प निर्वाचन नै भएकाले निर्वाचनमा सबै क्षेत्रबाट सहयोग प्राप्त हुने अपेक्षासमेत गरेको उल्लेख गरेका हुन् ।

निर्वाचन घोषणा भएसँगै आयोगले कार्यसम्पादन गर्नुपर्ने विषयलाई कार्यतालिका बनाई अघि बढेको उल्लेख गर्दै उनले भने, 'कार्यतालिका बनाएर थुप्रै कार्यसम्पादन गरेर अब भोलिअर्थात् माघको ६ गते जो–जो चुनिन चाहनुहुन्छ उहाँहरूको मनोनयन पत्र दाखिल गर्ने समय आएको छ । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मनोनयन हुँदैछ ।'

कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले आइतबार राति १२:०० बजेदेखि आचारसंहिता लागू भएको अवगत गराउँदै यी सबै कार्यक्रम चार महिना अगाडि प्रकाशित भएको कार्यतालिका अनुसार कार्यसम्पादन भइरहेको बताए । 'अब कुनै पनि विषयवस्तुलाई संशोधन गर्ने थप्ने घटाउनेलगायत काम हुँदैनन् ।

तोकिएकै समयमा मनोनयन पत्र दाखिल हुन्छ र निर्वाचन सम्पन्न हुन्छ, आयोग यसैमा ढुक्क छ', उनले भने ।

आयोगले निर्धारण गरेको निर्धारित समयभित्र मनोनयन पत्र दाखिल हुनुपर्ने र दाखिला भइसकेपछि जाँचबुझ गर्नेलगायतका कानुनी प्रक्रिया अघि बढ्ने उनको भनाइ छ । उनले निर्वाचनका विषयमा अदालतले आदेश गरिसकेपछि त्यो सबैले मान्नुपर्ने उल्लेख गर्दै आयोगले अदालतमा रहेको विषयवस्तुलाई अहिले विश्लेषण गरेर यो हुन्छ र त्यो हुन्न भनेर भन्न नमिल्ने स्पष्ट पारे ।

'मनोनयन पत्र दाखिला गर्नुपर्ने उम्मेदवार मनोनयनस्थल पुग्न सक्नुभएन भने आफ्नो वारेसमार्फत मनोनयन दाखिला गर्ने कानुनले व्यवस्था दिएकै छ । हामीले विभिन्न निर्देशिकामार्फत यसको जानकारी गराएका छौँ', कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए ।रासस

# प्रदेशसभा सदस्य दुलालद्वारा राजीनामा



**बागमती ।**
बागमती प्रदेशसभा सदस्य युवराज दुलाल (शरद) ले सोमबार प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएका छन् । नेपाली कम्युनिष्ट पार्टीले प्रतिनिधिसभा सदस्य पदका लागि सिन्धुपाल्चौक क्षेत्र नं २ मा प्रत्यक्षतर्फ टिकट दिएपछि दुलालले प्रदेशसभा सदस्यबाट राजीनामा दिएका हुन् ।

गत २०७९ सालको प्रदेशसभा सदस्यमा सिन्धुपाल्चौक क्षेत्र नं २ (ख) बाट प्रत्यक्ष निर्वाचित भएका थिए । पार्टीले विश्वास र भरोसा गरेर प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फको टिकट दिएपछि प्रदेशसभा सदस्यबाट राजीनामा दिएको दुलालले बताए । प्रदेशसभा सचिवालयमा राजीनामा बुझाएर भर्खरै सिन्धुपाल्चौक आफ्नो क्षेत्र फर्केको छु उनले भने, 'भोलि प्रतिनिधिसभा सदस्य पदका लागि उम्मेदवारी मनोनयन दर्ता गराउने छु' ।

यता बागमती प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले प्रदेशसभा सदस्य दुलालको राजीनामा पत्र सचिवालयमा आइसकेको र दर्ता गरी स्वीकृत गर्ने प्रक्रिया अघि बढेको बताए ।रासस




# पर्साको राजनीतिमा नयाँ तरङ्ग

## पूर्वमन्त्री यादव र मेयर राजेशमान सहितका नेता एमालेमा प्रवेश

**हरिशंकर शर्मा**
**वीरगंज ।**

जनता समाजवादी पार्टी (जसपा) नेपाल छाडेर पूर्व मन्त्री प्रदीप यादवसहित वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह नेकपा (एमाले)मा प्रवेश गरेका छन् । उनीहरूसँगै पर्सा जिल्लामा यादव समूहसँग निकट रहेका अन्य नेताहरू पनि एमालेमा समाहित भएका छन् ।



आइतबार राति एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको भक्तपुरस्थित निजी निवास गुण्डुमा आयोजित विशेष कार्यक्रममा उनीहरूलाई पार्टी प्रवेश गराइएको हो । सो अवसरमा अध्यक्ष ओलीले निवर्तमान सांसद प्रदीप यादव, मेयर राजेशमान सिंहलगायत नवप्रवेशी नेताहरूलाई खादा लगाएर स्वागत गरेका थिए ।

पार्टी प्रवेशसँगै अध्यक्ष ओलीले आगामी प्रतिनिधिसभा उपनिर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रदीप यादव एमालेको उम्मेदवार हुने घोषणा गरे । यादव यसअघि २०७४ र २०७९ सालको निर्वाचनमा सोही क्षेत्रबाट दुई पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भइसकेका छन् । २०७९ को निर्वाचनमा उनले २२ हजार ५३७ मत ल्याएर जित हासिल गरेका थिए ।

जसपा नेपालले पर्सा–१ बाट जिल्ला अध्यक्ष रामनरेश यादवलाई उम्मेदवार बनाएर आफूलाई 'राजनीतिक रूपमा सहिद बनाउने षड्यन्त्र' गरेको महसुस भएपछि पार्टी परित्याग गरेको प्रदीप यादवले बताए । 'एमालेले मप्रति विश्वास गरेर उम्मेदवार बनाएको छ, यसका लागि अध्यक्ष केपी ओलीज्यूप्रति आभारी छु,' उनले भने । मङ्गलबार मनोनयन दर्ता रहेकाले सोमबार नै निर्वाचन क्षेत्रमा पुगेर चुनावी अभियान सुरु गर्ने तयारी रहेको उनको भनाइ छ ।

प्रदीप यादवसँगै वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह, पूर्व प्रदेशसभा सदस्य जनत अन्सारीलगायत नेताहरू पनि एमालेमा प्रवेश गरेका छन् ।

स्रोतका अनुसार एमालेले पर्सा क्षेत्र नम्बर २ बाट पूर्व मेयर तथा केन्द्रीय सदस्य विजयकुमार सरावगीलाई प्रतिनिधिसभा उम्मेदवार बनाउने र आगामी स्थानीय तह निर्वाचनमा हालका मेयर राजेशमान सिंहलाई नै टिकट दिने विषयमा समझदारी भएको छ । तर सरावगी भने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन इच्छुक नरहेको बुझिएको छ ।

यस पार्टी प्रवेशको वातावरण बनाउन एमाले केन्द्रीय सदस्य प्रभु हजरा र निर्मला देवकोटा कोइरालाले प्रमुख भूमिका निर्वाह गरेका थिए । उनीहरू अध्यक्ष ओलीको तर्फबाट पछिल्ला केही दिनदेखि नवप्रवेशी नेताहरूसँग निरन्तर संवादमा थिए ।

प्रदीप यादवको राजनीतिक यात्रा पछिल्लो समय निकै उतारचढावपूर्ण रहँदै आएको छ । ओली नेतृत्वको सरकारमा खानेपानी मन्त्री बनेका उनी गत भदौमा भएको जेनजी युवा आन्दोलनपछि सरकारबाट बाहिरिएका थिए । त्यसपछि अशोक राई नेतृत्वको जसपा परित्याग गरी गत पुस १४ गते उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा प्रवेश गरेका थिए । तर जसपा नेपालमा एकीकरण भएको करिब २० दिनमै उनले पुनः पार्टी परिवर्तन गरेका हुन् ।

यस घटनाले वीरगंजको राजनीतिक वृत्तमा नयाँ तरङ्ग सिर्जना गरेको छ । २०७९ को स्थानीय तह निर्वाचनमा एमालेका विजय सरावगी र जसपाका राजेशमान सिंहबीच कडा प्रतिस्पर्धा भएको थियो । सो निर्वाचनमा राजेशमान सिंहले ४६ हजार २१५ मत ल्याएर विजय हासिल गर्दा सरावगीले २३ हजार ६७१ मत प्राप्त गरेका थिए ।

# जनकपुरधाम पुगेर बालेनले लिए झापा–५को टिकेट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र साह (बालेन)ले झापा–५ को प्रतिनिधिसभा निर्वाचनको उम्मेदवारको टिकट लिएका छन् ।

उनले पार्टी सभापति रवि लामिछानेमार्फत जनकपुरधाममा टिकट लिएका हुन् । लामिछाने र बालेन दुवै पार्टीको सभाका लागि सोमबार जनकपुरधाममा थिए ।

सभामा सहभागी हुनका लागि बालेन आइतबार बेलुका नै जनकपुरधाम आइ पुगेका थिए ।

काठमाडौँ महानगरको नगरप्रमुख पदबाट राजीनामा दिएर रास्वपाको घण्टीघर पुगेर पदभार ग्रहण गरेका थिए ।

त्यस लगत्तै उनी जनकपुरधामका लागि प्रस्थान गरेका थिए ।

तर पार्टी सभापति लामिछाने उनी संगै आएका थिएनन् । सोमबार मात्र बालेन र रविको भेट जनकपुरधाममा हुँदा झापा ५का लागि टिकेट लिएका थिए । झापा ५मा बालेन पूर्व प्रधानमन्त्री एवं एमाले अध्यक्ष संगै भिड्न लागेका हुन् ।

# वडा सदस्यबाट राजीनामा दिएर उम्मेदवारीको तयारी

**राहुल गुप्ता**
**बारा ।**

कलैया उपमहानगरपालिका–१ का वडा सदस्य शशि दासले पदबाट राजीनामा दिएका छन् । बारा जिल्लाको कलैया उपमहानगरपालिकामा नगर सदस्यका रूपमा कार्यरत दासले आगामी निर्वाचनमा उम्मेदवारी दिने तयारीस्वरूप पदबाट राजीनामा दिएको बताएका छन् ।

समुन्नत नेपाल पार्टीका केन्द्रीय सदस्यसमेत रहेका दासले बारा जिल्ला क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिने निर्णय भएको जानकारी दिएका छन् । पार्टीको नीति, सिद्धान्त र जिल्लाको समग्र विकासका लागि आफूले नयाँ जिम्मेवारी लिन खोजेको दासको भनाइ छ ।

स्थानीय तहमा रहँदा शिक्षा, स्वास्थ्य, खानेपानी तथा पूर्वाधार विकासमा सक्रिय भूमिका खेलेको उल्लेख गर्दै दासले जनताको विश्वास र समर्थनका आधारमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उनको राजीनामासँगै कलैया उपमहानगरपालिकाको वडा नम्बर १ मा रिक्त पदको प्रक्रिया अगाडि बढ्ने नगरपालिकाले जनाएको छ ।

# उम्मेदवार बन्न ३ प्रदेशसभा सदस्यले दिए राजीनामा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशसभाबाट तीन जना प्रदेशसभा सदस्यहरुले राजीनामा दिएका छन् । प्रतिनिधिसभा सांसदको उम्मेदवार बनेका तीन जना प्रदेशसभा सदस्यले राजीनामा दिएका हुन् ।

मधेश प्रदेशसभाबाट निवर्तमान सभामुख रामचन्द्र मण्डल, पूर्व मुख्यमन्त्री सतिष कुमार सिंह र पूर्व राज्यमन्त्री रहबर अन्सारीले राजीनामा दिएका हुन् । मधेश प्रदेशसभाका अनुसार मण्डल र अन्सारीले माघ ४ गते नै राजीनामा बुझाएका हुन् । यता पूर्व मुख्यमन्त्री सतिष कुमार सिंहले ५ गते बिहान सभामुख रामअशिष यादवलाई गएर राजीनामा बुझाएका हुन् ।

निवर्तमान सभामुख मण्डल नेकपा एमालेबाट धनुषा क्षेत्र नं. १, पूर्व राज्यमन्त्री अन्सारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट पर्सा क्षेत्र नं. १ र सतिश कुमार सिंहले सप्तरीको निर्वाचन क्षेत्र नं. २ बाट स्वभिमान पार्टीबाट निर्वाचनमा सहभागी हुने भएको जानकारी दिएका छन् ।

सिंहलाई नेकपा एमालेले सहयोग गर्ने भएको छ ।

# एमालेले मधेशको सबै क्षेत्रमा उम्मेदवारको टुङ्गो लगायो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेकपा एमालेले आसन्न प्रतिनिधिसभा निर्वाचनअन्तर्गत प्रत्यक्षतर्फ मधेश प्रदेशका सबै निर्वाचन क्षेत्रमा उम्मेदवारको नाम टुङ्गो लगाएको छ ।

यसअघि महोत्तरी, सर्लाही र पर्सासहित केही निर्वाचन क्षेत्रमा उम्मेदवार चयन बाँकी राखेको एमालेले ती क्षेत्रहरूमा समेत उम्मेदवार टुङ्ग्याएको जानकारी सोमबार दिएको हो । नेकपा एमाले मधेश प्रदेश समितिका सचिव मनोज पौडेलका अनुसार सप्तरी क्षेत्र नम्बर १ मा सुमनराज प्याकुरेल, २ मा जिया उल हक अन्सारी, ३ मा ताराकान्त चौधरी र ४ मा गंगाप्रसाद चौधरीलाई उम्मेदवार बनाइएको छ ।

सिरहा क्षेत्र नम्बर १ मा केदारनाथ यादव, २ मा नवीनकुमारी यादव, ३ मा लिलानाथ श्रेष्ठ र ४ मा बिल्टु साह उम्मेदवार चयन भएका छन् । धनुषा क्षेत्र नम्बर १ मा रामचन्द्र मण्डल, २ मा उमाशंकर अरगरिया, ३ मा जुली कुमारी महतो र ४ मा रघुवीर महासेठलाई उम्मेदवार बनाइएको छ ।

महोत्तरी क्षेत्र नम्बर १ मा लक्ष्मी महतो कोइरी, २ मा रामपरीक्षण यादव, ३ मा मनोज कुमार सिंह र ४ मा सरोज कुमार यादव उम्मेदवार रहेका छन् । सर्लाही क्षेत्र नम्बर १ मा मनोज देवकोटा, २ मा धर्मेन्द्र राई, ३ मा हरिप्रसाद उप्रेती र ४ मा रवि सिंह कुशवाहालाई उम्मेदवार बनाइएको छ ।

रौतहट क्षेत्र नम्बर १ मा अजय कुमार गुप्ता, २ मा शैलेन्द्र साह, ३ मा कुन्दन प्रसाद कुशवाहा र ४ मा रामजी साह उम्मेदवार बनेका छन् । बारा क्षेत्र नम्बर १ मा अच्युतप्रसाद मैनाली, २ मा बलवीरप्रसाद चौधरी, ३ मा ज्वालाकुमारी साह र ४ मा कृष्ण कुमार श्रेष्ठलाई उम्मेदवार बनाइएको छ ।

त्यसैगरी पर्सा क्षेत्र नम्बर १ मा प्रदीप कुमार यादव, २ मा रिमा कुमारी यादव, ३ मा प्रमोद जयसवाल र ४ मा जालीम मियालाई उम्मेदवार बनाइएको एमालेले जनाएको छ ।

# 'ज्येष्ठ नागरिकको सम्मान र संरक्षण राज्यको दायित्व'

**गण्डकी ।**

पोखरामा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिकको सम्मान र संरक्षण राज्यको दायित्व भएकामा जोड दिइएको छ ।

पोखरा महानगरपालिका–३० शिशुवास्थित शिशुवा ज्येष्ठ नागरिक समाजको १४औँ वार्षिकोत्सव समारोहका वक्ताहरूले ज्येष्ठ नागरिकहरू समाजको जीवन्त इतिहास भएको बताउँदै उनीहरूका भोगाइ र अनु◌ुभव नयाँ पुस्ताका लागि प्रेरणा हुने बताएका हुन् ।

प्रादेशिक जनरल तथा सरुवा रोग अस्पताल मोहोरियाका अध्यक्ष ऋषिराम जमकट्टेलले सन्तुष्टी र शान्तिपूर्ण जीवन नै ईश्वरीय आत्मप्राप्तिको आधार भएको धारणा राखे । अस्पतालले ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखेर सेवा दिँदै आएको जानकारी गराउँदै उनले नियमित स्वास्थ्य परीक्षण तथा सेवा लिन आग्रह गरे ।

शिशुवा अस्पतालका अध्यक्ष बाबुराम गिरीले ज्येष्ठ नागरिकको सम्मान र संरक्षणमा राज्यका साथै सबैको सामूहिक प्रयास आवश्यक हुने धारणा राखे ।समाजमा संस्थागत रूपमा करिब ३०० को हाराहारीमा ज्येष्ठ नागरिक आबद्ध रहेको उनले जानकारी दिए । भजन, चुट्का तथा सांस्कृतिक कार्यक्रममार्फत आफ्नो परम्परा र संस्कार जोगाउने दायित्व ज्येष्ठ नागरिकको भएको बताउँदै उनले संस्कार संरक्षण केवल विगतको सम्झना नभई भावी पुस्तामा हस्तान्तरण गर्नुपर्ने साझा जिम्मेवारी भएकामा जोड दिए ।

पोखरा महानगरपालिका–२९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले समाजका संस्थापक टीकाराम वास्तोलालाई धन्यवाद दिँदै ज्येष्ठ नागरिक समाजको निरन्तरताले सामाजिक एकता मजबुत बनेको धारणा राखे ।

पत्रकार कविराज खनालले ज्येष्ठ नागरिक समाजका अगुवा भएकाले उनीहरुको दुःखसुखमा साथ दिन सबैमा आग्रह गरे । संस्थाको हित र विकासमा योगदान पु–याउने दामोदर लामिछाने, कृष्णप्रसाद ढुङ्गाना, बलराम थापा, सुरेन्द्र अधिकारी तथा कृष्णप्रसाद लामिछानेलाई सम्मान गरिएको थियो ।

# मधेश आन्दोलनको १९ वर्ष पूरा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

माघ ५ गते अर्थात् प्रथम मधेश आन्दोलन १९ वर्ष पूरा भएको छ । २०८३ माघ ५ गते प्रथम मधेश आन्दोलनक्रममा सिरहाको लहानमा रमेश महतो शहीद भएका थिए । प्रथम बलिदानीको सम्झनामा मधेशकेन्द्रित दल र प्रदेश सरकारले माघ ५ गतेलाई बलिदानी दिवसको रुपमा मनाउँदै आएको छ । २०६३ मा तत्कालीन मधेशी जनअधिकार फोरम नेपालका संयोजक उपेन्द्र यादवलगायतका नेताहरुले अन्तरिम संविधानको प्रतिलिपि जलाएका थिए, सो क्रममा प्रहरीले उनलाई पक्राउ गरेपछि आन्दोलन शुरु भएको थियो । आन्दोलनका क्रममा लहानस्थित लिटिल स्टार बोर्डिङ स्कुलमा अध्यनरत सिरहा मझौराका विद्यार्थी रमेश महतो पहिलो शहीद भए । त्यसपछि मधेशभर आन्दोलन चर्किएको थियो । बलिदानी दिवसको अवसरमा मधेश प्रदेशमा यो दिन सार्वजनिक बिदा दिइएको छ । प्रदेश सरकारसहित मधेश केन्द्रित दलहरूले विभिन्न कार्यक्रम गरि बलिदानी दिवस मनाइरहेका छन् ।

# नेकपा संयोजक दाहाल रुकुम पूर्वमा



**रुकुम पूर्व ।**

नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सोमबार रुकुम पूर्वमा आइपुगेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि मनोनयन दर्ता गर्न प्रचण्ड आइपुगेका हुन् । अध्यक्ष दाहालले भोलि मङ्गलबार उम्मेदवारी दर्ता गरेर बुधबार काठमाडौँ फर्कने कार्यक्रम रहेको नेपाली कम्युनिष्ट पार्टी रुकुम पूर्वका जिल्ला इन्चार्ज तेजबहादुर ओलीले जानकारी दिए ।

पूर्वप्रधानमन्त्री यस जिल्लाबाट चुनाव लड्दा यहाँको विकासलाई लिएर रुक्मेली जनता उत्साहित रहेको उद्योग वाणिज्य सङ्घ रुकुम पूर्वका अध्यक्ष केवेन्द्र गौतमले बताए । जनयुद्धको उद्गम थलोका रूपमा चर्चा पाएको यस जिल्लाले चुनावी मैदानमा प्रचण्डको आगमनले यहाँको विकासले उचाइ लिने अपेक्षा गरेको उनले बताए ।

# चुनाव बहिस्कार आह्वान गर्दै शहीद दिवस

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेश जनविद्रोह समितिले आसन्न प्रतिनिधी सभा चुनाव बहिस्कारको आह्वान गर्दै बलिदानी दिवस मनाएको छ । परवानीपुर गाउँपालिका वडा नं. ५ बहुअरी स्थित शहीद बाटिकामा आयोजित श्रद्धाञ्जली सभामा जनविद्रोह समितिका केन्द्रीय अध्यक्ष अजय पटेलले चुनाव बहिस्कारको आह्वान गरेका हुन् ।

मधेश विद्रोह भएको १९ वर्ष वितिसक्दा पनि शहीदको सपना पूरा नभएको भन्दै आत्मनिर्णयको अधिकार सहितको समग्र मधेश एक प्रदेश र पूर्ण समानुपातिक प्रणाली आफूहरूको न्युनतम माग रहेको अध्यक्ष पटेलले बताए ।

बितेको १० वर्षदेखि चुनाव बहिस्कार गर्दै आएको जनविद्रोह समितिले कार्यक्रममा शहीदको तस्बिरमा माल्यार्पण गर्नुका साथे दीप प्रज्वलन गरेको थियो । सञ्चारकर्मी र जनविद्रोहका समितिका अगुवाहरूलाई समेत सम्मान गरिएको कार्यक्रममा गणेश साह कानु, अनिल बर्मा, सञ्चारकर्मी राजेन्द्र सिंह नेपालीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन